# भर्ना, समीक्षा तथा निष्कासन प्रक्रिया सम्बन्धी अभिभावकको निर्देशिका

फेब्रुअरी 2021



THE LEGAL FRAMEWORK
for the Child-Centered Special Education Process

Link to The Legal Framework

TEA
Texas Education Agency

Link to TEA Special Education

प्रतिलिपि अधिकार © 2021. टेक्सास शैक्षिक एजेन्सी । सर्वाधिकार सुरक्षित ।

# विषय-सूची

परिचय ....... 1

प्रारम्भिक बाल्यावस्था सहायता ....... 4

विद्यालय जाने उमेरका बच्चाको मद्दत ....... 4

सहायता प्रति प्रतिक्रिया ....... 5

प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस ....... 7

लिखित पूर्व सूचना ....... 8

अभिभावकीय सहमति ....... 9

मूल्याङ्कन प्रक्रिया ....... 10

भर्ना, समीक्षा तथा निष्कासन समितिको बैठक ....... 12

योग्यता ....... 14

सेवाको प्रारम्भिक प्रावधान ....... 16

व्यक्तीकृत शिक्षा कार्यक्रम ....... 17

शैक्षिक उपलब्धि र कार्यात्मक कार्यसम्पादनको हालको स्तर ....... 19

वार्षिक लक्ष्यहरू ....... 19

विशेष शिक्षा, सम्बन्धित सेवा र पूरक सहायता तथा सेवाहरू ....... 20

राज्यस्तरीय परीक्षा ....... 20

सङ्क्रमणकाल ....... 22

वयस्क विद्यार्थीहरू ....... 24

अटिजम भएका बालबालिका ....... 25

बहिरा वा सुन्नमा कठिनाई भएका बालबालिका ....... 26

दृष्टिविहीन वा दृष्टि दोष भएका बालबालिका ....... 26

व्यवहारजन्य सहायता योजना (BIP) ....... 27

विस्तारित शैक्षिक वर्ष सेवाहरू ....... 27

शैक्षिक परिवेश नियोजन ....... 28

ARD समितिको निर्णय ....... 29

IEP को प्रति ....... 30

व्यक्तीकृत शिक्षा कार्यक्रमको समीक्षा ....... 31

पुनर्मूल्याङ्कन ....... 32

स्वतन्त्र शैक्षिक मूल्याङ्कन ....... 33

सेवाहरू प्राप्त गर्न दिएको सहमतिको खारेजी ........................................................................ 34
ग्रेजुएसन ................................................................................................................ 35
अनुशासन ................................................................................................................ 37
अल्पकालीन निष्कासन .............................................................................................. 37
कूल सञ्चित 10 दिन वा बढी समयको निष्कासन............................................................ 38
शैक्षिक परिवेशको परिवर्तन ........................................................................................ 38
मेनिफेस्टेसन निर्धारण .............................................................................................. 39
कथित आचरण बच्चाको अपाङ्गताको कारणले भएको ठहर हुँदा........................................... 40
कथित आचरण बच्चाको अपाङ्गताको कारणले नहुँदा ....................................................... 40
विशेष परिस्थितिहरू ................................................................................................. 41
अझैसम्म विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि योग्य ठहर भइनसकेका बालबालिकाको सुरक्षा..................... 41
द्रुत निष्पक्ष सुनुवाई .................................................................................................. 42
विवाद समाधान ....................................................................................................... 42
अतिरिक्त सहायता .................................................................................................... 42

# परिचय

यो निर्देशिका *टेक्सास शिक्षा कोड* (**TEC**) § 26.0081 को आवश्यकताको प्रतिक्रियामा कानूनी फ्रेमवर्क परियोजना टोलीका लागि राज्यव्यापी नेतृत्व (Statewide Leadership for the Legal Framework Project Team) र *टेक्सास शिक्षा निकाय* **(TEA)** द्वारा तयार पारिएको थियो । यो निर्देशिका तपाईं विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य भएको वा हुन सक्ने बच्चाको अभिभावक भएको नाताले तपाईंलाई आफ्नो बच्चाको शिक्षासँग सम्बन्धित निर्णय लिने प्रक्रियामा पूर्ण रूपमा सहभागी हुन मद्दत गर्न तपाईंलाई विशेष शिक्षा प्रक्रिया तथा तपाईंका प्रक्रियात्मक अधिकार एवम् जिम्मेवारीहरूको बारेमा अझ राम्रो बुझाई प्रदान गर्नका लागि तयार पारिएको हो ।

विशेष शिक्षा प्रक्रियालाई अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन, 2004 **(IDEA )** नामक संघीय कानूनले नियमन गर्दछ । IDEA का मुख्य उद्देश्यहरू मध्ये एउटा भनेको अपाङ्गता भएका बालबालिकालाई *निःशुल्क रूपमा उपयुक्त सार्वजनिक शिक्षा* **(FAPE)** उपलब्ध गराउने हो जसले उनीहरूका विशेष आवश्यकताहरू पूरा गर्नको लागि डिजाइन गरिएका सम्बन्धित सेवाहरू तथा विशेष शिक्षामा जोड दिन्छ र उनीहरूलाई उच्च शिक्षा, रोजगारी तथा स्वतन्त्र जीवनयापनका लागि तयार गराउँछ । *विशेष शिक्षा* भन्नाले अपाङ्गता भएका बालबालिकाको विशेष आवश्यकताहरू पूरा गर्नका लागि विशेष रूपमा तयार पारिएको शिक्षा हो । *सम्बन्धित सेवाहरू* भन्नाले त्यस्ता सेवाहरू हुन् जुन सेवाहरू विद्यार्थीका विशेष शिक्षामा सहायता गर्नका लागि आवश्यक पर्छन् ता कि उनीहरूले आफ्ना शैक्षित तथा कार्यात्मक लक्षहरू पूरा गर्नमा प्रगति गर्न सकून् । सम्बन्धित सेवाहरूमा अकुपेशनल थेरापी, शारीरिक थेरापी, बोली तथा भाषा थेरापी, परामर्श सेवाहरू, अभिमुखीकरण तथा मोबिलिटी सेवाहरू र/वा यातायात सेवाहरू पर्न सक्छन् ।

IDEA अन्तर्गत, अभिभावकहरूलाई विशेष शिक्षा प्रक्रियाको प्रत्येक चरणमा ठूलो स्तरमा सहभागी हुन दिइन्छ । यो निर्देशिकाले उक्त प्रक्रियाको अवधिमा हुन सक्ने विभिन्न गतिविधिहरूको व्याख्या गर्दछ । तपाईंलाई IDEA अन्तर्गत तपाईंका कानूनी अधिकारहरूको बारेमा अझ राम्रोसँग बुझ्न मद्दत गर्न, विद्यालयले तपाईंलाई विशेष शिक्षा

प्रक्रिया दौरान केही निश्चित समयमा *प्रक्रियात्मक सुरक्षाको सूचना* भनिने कागजातको प्रतिलिपि प्रदान गर्न आवश्यक हुन्छ । तपाईंलाई कम्तीमा पनि वर्षको एकपटक तथा निम्न परिस्थितिहरूमा यो कागजात उपलब्ध गराइनुपर्छ:

- तपाईंको बच्चाको प्रारम्भिक मूल्यङ्कन गर्न सिफारिस गर्दा वा तपाईंले यसको लागि अनुरोध गर्दा;
- कुनै पनि शैक्षिक वर्षमा पहिलो राज्य उजुरी प्राप्त हुँदा:
- कुनै पनि शैक्षिक वर्षमा निष्पक्ष सुनुवाईको पहिलो अनुरोध प्राप्त हुँदा;
- अनुशासनात्मक कारवाही स्वरूप शैक्षिक परिवेश परिवर्तन गर्नको लागि निर्णय लिइएको दिनमा;
- तपाईंको अनुरोधमा ।

टेक्सासमा, विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि बच्चाको योग्यता तथा बच्चाको विशेष शिक्षा कार्यक्रमको बारेमा गरिने अधिकांश मुख्य निर्णयहरू *भर्ना, समीक्षा तथा निष्कासन* **(ARD )** समितिले गर्छ । यो समूहलाई व्यक्तीकृत शिक्षा कार्यक्रम**(IEP)** टोली पनि भनिन्छ, जुन संघीय कानूनमा प्रयोग गरिने शब्द हो । तपाईंको बच्चाको लागि ARD समिति गठन गरिएको खण्डमा, तपाईं उक्त समितिको सदस्य हुनुहुनेछ ।

यो निर्देशिकालाई संघीय तथा राज्यको विशेष शिक्षा सम्बन्धी मापदण्डहरू परिवर्तन हुँदा आवधिक रूपमा अद्यावधिक गरिनेछ । यस कागजातको विद्युतीय संस्करण (जसलाई प्रिन्ट गर्न पनि मिल्छ) बाल केन्द्रित विशेष शिक्षा प्रक्रियाको कानूनी फ्रेमवर्कको क्षेत्र 18 शिक्षा सेवा केन्द्रको वेबपृष्ठ fw.escapps.net मा पाउन सकिन्छ ।

विशेष शिक्षा प्रक्रियामा धेरै मिति तथा अन्तिम मितिहरू छन् । यो प्रकाशनमा, ति महत्त्वपूर्ण मिति तथा देय मितिहरूको व्याख्या गरिन्छ । यसका अतिरिक्त, तपाईंसँग मूल्याङ्कनका समयरेखा, पूर्व लिखित सूचना, ट्रान्जिस र IEP समीक्षा र अन्य मुख्य धारणाहरूको बारेमा

भएका प्रश्नहरूको जवाफ दिन मद्दत गर्नका लागि एउटा अन-लाइन सहयोगी कागजात उपलब्ध हुन्छ । *Timeline Decision* Tree http://fw.escapps.net/display/Webforms/ESC18-FW-Documents.aspx?DT=G&LID=en मा उपलब्ध छ ।

## भर्ना, समीक्षा तथा निष्कासन प्रक्रिया सम्बन्धी अभिभावकको निर्देशिका

### प्रारम्भिक बाल्यावस्था सहायता

विकासात्मक ढिलाइहरू भएका शिशु तथा नवजात शिशुहरू भएका परिवारहरूको लागि मद्दत उपलब्ध हुन्छ। यी प्रारम्भिक सहायता सेवाहरू उपलब्ध गराउने टेक्सासको एजेन्सी स्वास्थ्य तथा मानव सेवा आयोग (HHSC) हो । एकदमै साना बालबालिकाहरूको कार्यक्रमलाई प्रारम्भिक बाल्यावस्था सहायता (ECI) भनिन्छ। यी सेवाहरू तीन वर्षभन्दा कम उमेरका बालबालिकाहरूका लागि हुन्।

तीन वर्षको उमेरमा, अपाङ्गता भएका बालबालिकाहरू विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको लागि योग्य हुन्छन्। यदि त्यसो हो भने, बच्चाको स्कूल डिस्ट्रिक्ट बच्चाको तेस्रो जन्मदिन सम्ममा FAPE उपलब्ध गराइने कुरा सुनिश्चित गर्नमा जिम्मेवार हुन्छ। ECI सेवाहरू प्राप्त गर्ने सबै बालबालिकाहरू सार्वजनिक विद्यालयद्वारा उपलब्ध गराइएका सेवाहरूको लगि योग्ग हुँदैनन् । त्यसकारण ECI सेवाहरू प्राप्त गर्ने शिशु तीन वर्ष लाग्नुभन्दा कम्तीमा पनि 90 पात्रो दिन अगाडि, यदि उपयुक्त भएमा शिशुको परिवारलाई ECI सेवाहरूबाट विशेष शिक्षा र सम्बन्धित सेवाहरूमा परिवर्तन हुनमा मद्दत गर्न एउटा बैठक निर्धारित गरिनेछ। बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य ठहर भएको खण्डमा, ती सेवाहरू उनको तेस्रो जन्म दिनमा उपलब्ध गराइनुपर्छ। Beyond ECI शीर्षकको लेखमा प्रारम्भिक बाल्यावस्था कार्यक्रमबाट विशेष शिक्षामा परिवर्तन हुने बारेमा जानकारी दिइएको छ । यो लेख https://www.navigatelifetexas.org/uploads/files/general-files/Beyond-ECI-ECI-17_1117.pdf मा पाउन सकिन्छ।

### विद्यालय जाने उमेरका बच्चाको मद्दत

तपाईंसँग आफ्नो विद्यालय उमेरको बच्चाको सिकाई तथा व्यवहारका बारेमा कुनै जिज्ञासाहरू छन् भने सर्वप्रथम आफ्ना सरोकारका बारेमा आफ्नो बच्चाको शिक्षक वा विद्यालयको प्रधानाध्यापकसँग कुरा गर्नुहोस्। यसो गर्दा केही उपलब्धि भएन भने, तपाईंले

विद्यालयको सम्बन्धित कर्मचारीलाई आफ्नो सरोकार विद्यालयको विद्यार्थी सहायता टोली समक्ष राखिदिन अनुरोध गर्नुपर्छ । यो टोलीमा शिक्षक र अन्य कर्मचारीहरू समावेश हुन्छन् । यो टोली बालबालिकाले सामना गरिरहेका सिकाई वा व्यवहार सम्बन्धी कुनै पनि सरोकारलाई सम्बोधन गर्न नियमित रूपमा बैठकमा बस्छ ।

सामान्य कक्षामा पढ्नमा समस्या भोगिरहेका विद्यार्थीहरूलाई सुरुमा सहायता सेवाहरूको लागि विचार गर्न सकिन्छ वा सहायता सेवाहरू प्राप्त गर्नुको सट्टा IDEA अन्तर्गत विशेष शिक्षाको लागि मूल्याङ्कन गरिन सिफारिस गर्न सकिने छ । यदि विद्यार्थीलाई सहायता सेवाहरू व्यवस्था गर्दा पनि सामान्य कक्षामा समस्या भइ नै रहन्छ भने वा विद्यार्थीका आवश्यकताहरूलाई सहायता सेवाहरूको व्यवस्थामार्फत मात्र सम्बोधन गर्न सकिँदैन भने, विद्यालयले अनिवार्य रूपमा विद्यार्थीलाई IDEA अन्तर्गत पूर्ण व्यक्तिगत र प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस गर्नुपर्दछ । विद्यार्थी पूर्ण र प्रारम्भिक मूल्याङ्कनका लागि सिफारिस गर्नु अघि विद्यार्थीलाई कुनै निश्चित अवधिको लागि सहायता सेवाहरू प्रदान गर्नु आवश्यक छैन । पूर्ण व्यक्तिगत र प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस कुनै पनि बेला विद्यालय कर्मचारी, विद्यार्थीका अभिभावक वा कानुनी अभिभावक, वा विद्यार्थीको शिक्षा वा देखभालमा संलग्न अन्य कुनै पनि व्यक्तिद्वारा गर्न सकिने छ । ध्यान दिनुहोस्, यदि विद्यालयका कर्मचारीहरूलाई बच्चाको अपाङ्गता रहेको र विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको आवश्यकता रहेको शङ्का लागेमा पूर्ण व्यक्तिगत र प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस गर्नैपर्छ ।

## सहायता प्रति प्रतिक्रिया

संघीय कानूनले विद्यालयहरूलाई प्रारम्भिक रूपमा समस्याहरूको सम्बोधन गरी सबै बालबालिकाको सिकाइमा मद्दत गर्ने कार्यमा जोड दिन निर्देशन दिन्छ । *सहायता प्रति प्रतिक्रिया* **(RtI)** ग्रेड स्तरको मापदण्डरू हासिल नगर्ने जोखिममा रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई मद्दत गर्नका लागि धेरै विद्यालयहरूले प्रयोग गर्ने एउटा पद्धति हो । RtI पद्धतिका आधारभूत तत्वहरू यस प्रकार छन्: सामान्य शिक्षा कक्षाकोठामा वैज्ञानिक,

अनुसन्धानमा आधारित शिक्षण विधि र सहायता सेवाहरूको प्रयोग; सहायता सेवाहरूको प्रयोगले बच्चाको सिकाई र व्यवहारमा देखिएको प्रगतिको अनुगमन र मापन; र शैक्षिक निर्णयहरू गर्न यी मापनहरूको प्रयोग गर्ने ।

RtI पद्धति भनेको सहायताहरूको बहु-स्तरीय प्रणाली **(MTSS)** को हिस्सा हो जसमा हरेक तह वा स्तरले सहायताको बढ्दो जटिल स्तरलाई प्रतिनिधित्व गर्छ । बच्चाले पर्याप्त रूपमा प्रगति नगर्दासम्म समय समयमा बच्चाको प्रगतिको मूल्याङ्कन गरी बच्चालाई उपलब्ध गराइएका सहायता सेवाहरूलाई निरन्तर रूपमा समायोजन गरिनेछ । उचित समयसम्म प्रारम्भिक सहायता सेवाहरू प्रति प्रतिक्रिया नजनाउने बालबालिकालाई अनुसन्धानले सुझाव गरे अनुसार थप गहन सहायता कार्यक्रमहरूमा सिफारिस गरिन्छ । प्रायः छ हप्ताको सहायता सेवापछि तपाईंको विद्यालयसँग अर्को चरणको सम्बन्धमा निर्णय लिन पर्याप्त डेटा उपलब्ध हुने छ (उदाहरणको लागि सहायतालाई जारी राख्ने, सहायतालाई अझ बढाउने, मूल्याङ्कनको लागि सिफारिस गर्ने) । निर्णय लिने समयसीमा सहायताको आवृत्ति/अवधि र लक्षित सीपहरूमा निर्भर रहन्छ ।

विशेष शिक्षाको सिफारिस गर्नुअघि बच्चाले RtI प्रणालीको हरेक चरण पार गर्न आवश्यक पर्दैन । सामान्य शिक्षाका सहायता सेवाहरू पर्याप्त छैनन् भनी सपष्ट भएपछि, विद्यालयको सम्बन्धीत कर्मचारीले बच्चामा कुनै अपाङ्गता भएको अनुमान गर्नुपर्छ र सिफारिस प्रक्रिया सुरु गर्नैपर्छ । सामान्य शिक्षा सहायता सेवाहरू पर्याप्त छन् कि छैनन् भनेर निर्धारण गर्दा सोचविचार गर्नुपर्ने महत्त्वपूर्ण कुराहरूमा सहायता सेवाको इतिहासको समीक्षा र विद्यार्थीको प्रगति अनुगमन डेटा (उपलब्धिका अन्तरहरूलाई कम गर्नेतर्फ प्रगति तथा कार्यको गति) पर्दछन् । बच्चाले RtI प्रणालीबाट सहायता सेवाहरू प्राप्त गरिरहेका भएपनि वा नगरेको भएपनि अभिभावकहरूले जुन सुकै समयमा सिफारिस अनुरोध गर्न सक्छन् । RtI रणनीतिलाई IDEA अन्तर्गत अपाङ्गता भएको शङ्का गरिएका बच्चाको समयमै मूल्याङ्कन गर्न ढिलाइ वा अस्वीकार गर्न प्रयोग गर्न मिल्दैन ।

RtI प्रक्रियाको बारेमा थप जानकारी
https://tea.texas.gov/Academics/Special_Student_Populations/Special_Education_SPED/Progr

ams_and_Services/Response_to_Intervention मा पाउन सकिन्छ ।

## प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस

तपाईंको बच्चामा अपाङ्गता रहेको र उनलाई IDEA अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरू आवश्यक रहेको शङ्का लाग्ने बित्तिकै सो बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य छन् वा छैनन् भनी निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कनको लागि तपाईंको सहमति लिएर प्रारम्भिक मूल्याङ्कन गर्नु विद्यालयको सकारात्मक दायित्व हुन्छ । तपाईंले पनि कुनै पनि समयमा आफ्नो बच्चालाई प्रारम्भिक मूल्याङ्कनको लागि सिफारिस गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

तपाईंले स्थानीय शैक्षिक निकाय **(LEA)** का विशेष शिक्षा सेवा निर्देशक वा डिस्ट्रिक्ट प्रशासनको कर्मचारीलाई आफ्नो बच्चा विशेष शिक्षा सेवाहरू प्राप्त गर्न योग्य छन् वा छैनन् भनी निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कन गर्नका लागि लिखित अनुरोध पेस गर्नुभयो भने, विद्यालयले सो अनुरोध प्राप्त गरेको मितिबाट 15औं विद्यालय दिनभन्दा ढिला नगरी तपाईंलाई या त: 1) मूल्याङ्कन गर्ने प्रस्तावको लिखित पूर्व सूचना, *प्रक्रियात्मक सुरक्षाको सूचना*को एउटा प्रति र मूल्याङ्कनको लागि लिखित सहमति दिने अवसर; वा 2) तपाईंको बच्चाको लागि मूल्याङ्कन गर्न अस्वीकृति जनाउँदै लिखित पूर्व सूचना र *प्रक्रियात्मक सुरक्षाको सूचना*को एउटा प्रति दिनुपर्नेछ ।

कृपया ध्यान दिनुहोस्, विशेष शिक्षा मूल्याङ्कनको लागि अनुरोध मौखिक रूपमा गर्न सकिन्छ र लिखित रूपमा हुनु आवश्यक छैन । डिस्ट्रिक्टहरू र चार्टर स्कूलहरूले अझै पनि सबै संघीय सूचना सम्बन्धी मापदण्डहरू र अपाङ्गता हुन सक्ने शङ्का गरिएका विशेष शिक्षाको आवश्यकता हुन सक्ने बच्चाहरू पहिचान गर्ने, पत्ता लगाउने र मूल्याङ्कन गर्ने सम्बन्धी मापदण्डहरूको पालना गर्नैपर्दछ । मौखिक अनुरोधहरूमा जवाफ दिनको लागि कुनै विशेष समयसीमा छैन, तर विद्यालयहरूलाई माथि वर्णन गरिएको समान 15 विद्यालय दिनको समयसीमालाई अनुसरण गर्न प्रोत्साहन गरिन्छ ।

## लिखित पूर्व सूचना

IDEA अन्तर्गतका तपाईंका अधिकारहरू मध्ये एउटा भनेको विद्यालयले तपाईंको बच्चाको सम्बन्धमा कुनै पनि कदम चाल्नु वा कदम चाल्न अस्वीकार गर्नु अघि यथोचित समयमा तपाईंले विद्यालयबाट ती कदमहरू वा अस्वीकृतिको बारेमा लिखित पूर्व सूचना प्राप्त गर्ने हो । विशेष गरी, विद्यालयले निम्न अवस्थामा तपाईंको मातृभाषामा वा अन्य सञ्चार माध्यमबाट लिखित सूचना दिनुपर्छ:

- तपाईंको बच्चाको अपाङ्गता पहिचान, मूल्याङ्कन, शैक्षिक कार्यक्रम वा शैक्षिक परिवेश नियोजन वा तपाईंको बच्चाको लागि FAPE को व्यवस्था गर्ने प्रस्ताव गर्दा वा ती कुराहरू परिवर्तन गर्दा (विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न जारी राख्ने सम्बन्धमा तपाईंले आफ्नो सहमति फिर्ता लिनुभएको अवस्थामा सहित); वा
- तपाईंको बच्चाको अपाङ्गता पहिचान, मूल्याङ्कन, शैक्षिक कार्यक्रम वा शैक्षिक परिवेश नियोजन वा तपाईंको बच्चाको लागि FAPE को व्यवस्था गर्न वा ती कुराहरू परिवर्तन गर्न गर्दा ।

विद्यालयले प्रस्ताव गरेको वा अस्वीकार गरेको उपायहरू अपनाउनुभन्दा कम्तीमा पाँच विद्यालय दिन अगवै सो बारेमा लिखित पूर्व सूचना दिनुपर्छ । यदि तपाईंले योभन्दा छोटो सूचना अवधिमा सहमति जनाउनुभएको छ भने, सोही अनुसार लिखित पूर्व सूचना दिइनेछ । तपाईंले परिवर्तन प्रति सहमति जनाउनुभएको वा तपाईं आफैले परिवर्तन गर्न अनुरोध गर्नुभएको जे भए तापनि विद्यालयले तपाईंलाई लिखित पूर्व सूचना दिनैपर्छ ।

पूर्व लिखित सूचनामा निम्न जानकारी समावेश गरिनुपर्छ ।

(1) विद्यालयले प्रस्ताव वा अस्वीकृत गरेको कार्यको विवरण;
(2) विद्यालयले उक्त कार्य प्रस्ताव गर्नु वा सो कार्य अस्वीकार गर्नुको कारणको विवरण;
(3) विद्यालयले प्रस्ताव गरिएको वा अस्वीकृत कार्यको लागि आधारको रूपमा प्रयोग गरिएका हरेक मूल्याङ्कन प्रक्रिया, परीक्षा, रेकर्ड वा रिपोर्टको विवरण;
(4) अपाङ्गता भएका बच्चाहरूका आमाबाबुलाई यस भागको प्रक्रियात्मक सुरक्षा

अन्तर्गत सुरक्षा हुने र यदि यो सूचना मूल्याङ्कनको लागि प्रारम्भिक सिफारिस होइन भने, प्रक्रियात्मक सुरक्षा सम्बन्धी व्याख्याको प्रतिलिपि प्राप्त गर्न सक्ने उपायहरू सम्बन्धी कथन;

(5) विशेष शिक्षा सम्बन्धी आवश्यकताहरू बुझ्नमा सहयोग प्राप्त गर्न अभिभावकहरूले सम्पर्क गर्न सक्ने स्रोतहरू;

(6) ARD समितिले विचार गरेका अन्य विकल्पहरूको विवरण र ती विकल्पहरू खारेज गर्नुका कारणहरू; र

(7) विद्यालयको प्रस्ताव वा अस्वीकृतिसँग सम्बन्धित अन्य कारकहरूको विवरण।

## अभिभावकीय सहमति

विशेष शिक्षा प्रक्रियाका केही निश्चित कार्यहरू विद्यालयले तपाईंको सहमति लिएबिना गर्न नमिल्ने हुन्छन्। विद्यालयले तपाईंलाई सही निर्णय लिन मद्दत गर्न प्रस्तावित गतिविधिको विवरण सहित आवश्यक सबै जानकारी दिनुपर्छ।

यसरी जानकारी प्रदान गर्न स्पष्टतः सम्भाव नहुने अवस्थामा बाहेक, जानकारी तपाईंको मातृभाषामा वा आवश्यकता अनुसार ढाँचामा प्रदान गरिनु पर्दछ। कुनै अभिलेखहरू खुलासा गर्नुपर्ने भएमा विद्यालयले ती अभिलेखहरू र साथै कसलाई खुलासा गरिनेछ भन्ने कुरा सूचीकृत गर्नुपर्छ।

तपाईंले आफ्नो सहमति दिनुभयो भने, यसको अर्थ तपाईंको सहमति मागिएको कार्य गर्न तपाईंले विद्यालयलाई लिखित रूपमा सहमति दिनुभयो भन्ने बुझिन्छ। तपाईंको सहमति स्वैच्छिक हो र सो कार्य हुनुअघि कुनै पनि समयमा खारिज गर्न सकिन्छ भन्ने कुरा बुझ्न जरूरी छ। यद्यपि, तपाईंले कुनै पनि कार्यको लागि आफ्नो सहमति फिर्ता लिनुभयो भने, सहमति अन्तर्गत भइसकेका कुराहरूलाई रद्द गर्न सकिनेछैन।

तपाईंको सहमति आवश्यक पर्ने कार्यका उदाहरणहरू यस प्रकार छन्:

- तपाईंको बच्चालाई पहिलोपटक मूल्याङ्कन गर्दा;
- तपाईंको बच्चाको हरेक तीन-तीन वर्षमा एक पटक पुनर्मूल्याङ्कन, वा थप जानकारी आवश्यक परेमा र तपाईं वा तपाईंको बच्चाका शिक्षकले पुनर्मूल्याङ्कन गर्न अनुरोध गरेमा अझ छोटो समयमा गरिने मूल्याङ्कन;
- पहिलोपटक विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रदान गर्दा;
- बैठकमा कुनै सदस्यको पाठ्यक्रमको क्षेत्र वा सम्बन्धित सेवाहरूको परिमार्जन वा छलफल गर्ने कुरा कार्यसूचीको रूपमा समावेश हुँदा ARD समितिका सदस्यलाई ARD कमिटीको बैठकमा उपस्थित हुन छुट दिँदा; र
- सहायक सङ्क्रमणकालिन सेवाहरू उपलब्ध गराउन वा ती सेवाहरूको लागि भुक्तानी गर्न जिम्मेवार हुन सक्ने कुनै पनि सहभागी निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्दा ।

## मूल्याङ्कन प्रक्रिया

तपाईंले प्रारम्भिक पूर्ण र व्यक्तिगत मूल्याङ्कन **(FIE)** गर्न सहमति दिनुभएको खण्डमा, विद्यालयले सञ्चालन गर्ने कुनै पनि मूल्याङ्कन प्रक्रियाको बारेमा पूर्व लिखित सूचनाको साथसाथै यदि तपाईंको बच्चाको पहिलो पटक मूल्याङ्कन हुँदैछ भने प्रक्रियात्मक सुरक्षाको सूचनाको एक प्रति उपलब्ध गराउनुपर्छ । विद्यालयले तपाईंको बच्चाको बारेमा तपाईंले प्रदान गर्नुहुने जानकारी लगायत सान्दर्भिक कार्यात्मक, विकासात्मक र शैक्षिक विवरण सङ्कलन गर्नको लागि विभिन्न प्रकारका मूल्याङ्कनका साधन र रणनीतिहरू प्रयोग गर्नैपर्छ । तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो कि होइन भनेर निर्धारण गर्न र तपाईंको बच्चाको लागि उपयुक्त शैक्षिक कार्यक्रम निर्धारण गर्न विद्यालयले कुनै मापदण्ड वा परीक्षालाई एक मात्र आधारको रूपमा प्रयोग गर्न मिल्दैन । तपाईंको विद्यालयले तपाईंको बच्चामा कुनै अपाङ्गता छ कि छैन र उनका शैक्षिक आवश्यकताहरू निर्धारण गर्न शङ्का गरिएको अपाङ्गता सम्बन्धी सबै क्षेत्रहरूमा तपाईंको बच्चाको मूल्याङ्कन गर्नैपर्छ । तपाईंको बच्चाको मूल्याङ्कन प्रक्रिया निम्न अनुसार हुनुपर्छ:

- तपाईंको बच्चाको शैक्षिक, विकासात्मक र कार्यात्मक कार्यसम्पादनको बारेमा जानकारी समावेश हुनुपर्छ;
- परीक्षा तयारीकर्ताका निर्देशनहरू बमोजिम तालिमप्राप्त तथा जानकार कर्मचारीद्वारा र परीक्षाहरू वैध र विश्वसनीय हुने प्रयोजनहरूका लागि सञ्चालित हुनुपर्छ;
- त्यसो गर्न स्पष्टतः सम्भव नभएमा बाहेक, तपाईंको बच्चाको मातृभाषा वा आवश्यकता अनुसार अन्य सञ्चार माध्यम प्रयोग गरिनुपर्छ; र
- निष्पक्ष हुनुपर्छ, वा तपाईंको बच्चाको सांस्कृतिक पृष्ठभूमि, जाति वा अपाङ्गता जेसुकै भए पनि त्यस्ता कुराको आधारमा भेदभाव नगरी मूल्याङ्कन गर्नुपर्छ ।

प्रारम्भिक मूल्याङ्कन र यसबाट आउने रिपोर्ट तपाईंको लिखित सहमति प्राप्त गरेको मितिबाट 45 विद्यालय दिन भित्रमा पूरा गरिनुपर्छ । तथापि, तपाईंको बच्चा मूल्याङ्कन अवधिमा तीन दिन वा सोभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएको अवस्थामा, मूल्याङ्कन अवधिलाई तपाईंको बच्चा जति दिन अनुपस्थित हुन्छन्, त्यति नै दिनले बढाउनुपर्छ । विद्यालयले तपाईंलाई मूल्याङ्कन रिपोर्टको प्रतिलिपि नि:शुल्क प्रदान गर्नुपर्छ ।

तपाईंको बच्चा चालू शैक्षिक वर्षको सेप्टेम्बर 1 सम्ममा 5 वर्ष पुगेको छैन र सार्वजनिक विद्यालयमा भर्ना भएको छैन, वा उमेर जति भए पनि निजी विद्यालयमा भर्ना गरिएको छ वा घरमै पढाउने व्यवस्था मिलाइएको छ भने प्रारम्भिक मूल्याङ्कन तथा रिपोर्टलाई विद्यालयले तपाईंको लिखित सहमति प्राप्त गरेको मितिबाट 45 दिन भित्रमा पूरा गरिनुपर्छ ।

विद्यालयले प्रारम्भिक मूल्याङ्कन गर्न शैक्षिक वर्षको अन्तिम दिनभन्दा 35 देखि 45 विद्यालय दिन अघि मात्रै तपाईंको सहमति प्राप्त गरको अवस्थामा भने यो 45 दिनको समय सीमा लागू हुँदैन । यस्तो अवस्थामा लिखित मूल्याङ्कन रिपोर्टलाई उक्त वर्षको 30 जुनसम्ममा तयार पारी तपाईंलाई उपलब्ध गराइनुपर्छ । यद्यपि तपाईंको बच्चा मूल्याङ्कन अवधिमा तीन दिन वा सो भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएको अवस्थामा भने

जुन 30 सम्ममा रिपोर्ट तयार पारी उपलब्ध गराउनुपर्ने अनिवार्यता लागू हुँदैन । यसको सट्टा, 45 विद्यालय दिनको सामान्य समय सीमामा तपाईंको बच्चा विद्यालयमा अनुपस्थित भएको तीन वा सो भन्दा धेरै दिन जोडेर जति हुन्छ त्यति लागू हुन्छ ।

तपाईंले प्रारम्भिक मूल्याङ्कनमा सहमति जनाउनुभएन भने विद्यालयले मध्यस्थता वा निष्पक्ष सुनुवाईको अनुरोध गरी मूल्याङ्कनको माग गर्न सक्छ, तर विद्यालयले यसो गर्न अनिवार्य हुँदैन । विद्यालयले मूल्याङ्कनको माग नगर्ने निर्णय गर्छ भने, यसले IDEA अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरू आवश्यक पर्ने अपाङ्गता भएका सबै बालबालिकाको पहिचान गर्नुपर्ने, खोज्नुपर्ने तथा सबैको मूल्याङ्कन गर्नुपर्ने कर्तव्यको उल्लङ्घन गरेको ठहर हुँदैन । यो आवश्यकतालाई विद्यालयको *बच्चा फेला पार्ने कर्तव्य* भनिन्छ ।

## भर्ना, समीक्षा तथा निष्कासन समितिको बैठक

प्रारम्भिक मूल्याङ्कनको रिपोर्ट तयार भएपछि, सो रिपोर्टको विचार गरी तपाईंको बच्चा विशेष शिक्षा तथा सम्बन्धि सेवाहरू प्राप्त गर्न योग्य छ कि छैन भनी निर्धारण गर्न एउटा ARD समिति गठन गर्नुपर्छ । ARD समितिका सदस्यरूमा निम्न व्यक्तिहरू समावेश हुन्छन्:

- तपाईं, अभिभावक;
- बच्चालाई नियमित रूपमा पढाउने कम्तीमा एक जना शिक्षक जो सम्भव हुँदा, बच्चाको IEP को भाग कार्यान्वयन गर्नको लागि उत्तरदायी शिक्षक हुनुपर्छ;
- बच्चा विशेष शिक्षा प्रदान गर्ने कम्तीमा एक जना शिक्षक वा प्रदायक;
- विद्यालयको एक जना प्रतिनिधि;
- मूल्याङ्कनका परिणामहरूका शैक्षणिक तात्पर्यको व्याख्या गर्न सक्ने व्यक्ति;
- बच्चासँग सम्बन्धित ज्ञान वा विशेष दक्षता भएका तथा तपाईं वा विद्यालयद्वारा आमन्त्रित अन्य व्यक्तिहरू;
- उपयुक्त हुँदा, बच्चा;

- उपयुक्त हुँदाको हदसम्म, तपाईंको वा वयस्क बच्चाको लिखित सहमतिमा वा तपाईंको बच्चा 18 वर्ष उमेरको पुगेपछि सम्भवतः सङ्क्रमणकालिन सेवाहरू उपलब्ध गराउन वा ती सेवाहरूको लागि भुक्तानी गर्न जिम्मेवार हुने कुनै पनि सहभागी निकायको प्रतिनिधि ।
- बच्चालाई करियर वा प्राविधिक शिक्षामा प्रारम्भिक नियोजन गर्ने वा निरन्तरता दिने कुरामा विचार गरिँदै छ भने करियर तथा प्राविधिक शिक्षाको प्रतिनिधि, सकेसम्म शिक्षक भए राम्रो; र
- बच्चा अङ्ग्रेजी प्रशिक्षार्थी भएमा, भाषा दक्षता मूल्याङ्कन समितिमा संलग्न एक जना पेशाकर्मी कर्मचारी सदस्य ।

ARD समितिमा आवश्यकता अनुसार निम्न व्यक्तिहरूलाई पनि समावेश गरिन्छ:

- बच्चामा श्रवणहीन वा श्रवण सम्बन्धी समस्या रहेको शङ्का वा अभिलेख गरिएको छ भने, श्रवणहीन वा श्रवण सम्बन्धी समस्या रहेका विद्यार्थीहरूलाई पढाउने कार्यमा मान्यता प्राप्त शिक्षक;
- बच्चामा संदिग्ध वा प्रमाणित दृष्टि द छ भने, दृष्टि सम्बन्धी समस्या भएका विद्यार्थीहरूलाई पढाउने कार्यमा मान्यता प्राप्त शिक्षक; वा
- बच्चामा संदिग्ध वा प्रमाणित श्रवण तथा दृष्टि सम्बन्धी समस्या छ भने, श्रवणहीन वा श्रवण सम्बन्धी समस्या रहेका विद्यार्थीहरूलाई पढाउने कार्यमा मान्यता प्राप्त शिक्षक र दृष्टि सम्बन्धी समस्या भएका विद्यार्थीहरूलाई पढाउने कार्यमा मान्यता प्राप्त शिक्षक;

विद्यालयले तपाईंलाई तपाईंको बच्चाको प्रत्येक ARD समिति बैठकमा आमन्त्रित गर्नुपर्छ र एक वा दुवै अभिभावकहरूको सहभागिकता सुनिश्चत गर्ने प्रयास गर्नुपर्छ । तपाईंलाई बैठक हुने मितिभन्दा कम्तीमा पनि पाँच विद्यालय दिन अगाडि बैठकको लिखित सूचना प्रदान गरिनुपर्छ । यदि तपाईंले योभन्दा छोटो सूचना अवधिमा सहमति जनाउनुभएको छ भने, सोही अनुसार लिखित सूचना दिइनेछ । लिखित सूचनामा बैठकको उद्देश्य, बैठक हुने समय र स्थान, र बैठकमा उपस्थित हुने व्यक्तिहरूको सूची समावेश हुनुपर्छ । तपाईंलाई

अङ्ग्रेजी बोल्न नआउने भएमा, त्यसो गर्न असम्भव भएको अवस्थामा बाहेक, विद्यालयले तपाईंको मातृभाषामा सूचना उपलब्ध गराउनुपर्छ । यदि तपाईंको मातृभाषा लिखित भाषा होइन भने, विद्यालयले सूचनालाई मौखिक रूपमा अनुवादन गर्ने वा अन्य माध्यमहरू प्रयोग गरेर तपाईंले बुझ्ने भाषामा प्रदान गर्न आवश्यक कदमहरू चाल्नुपर्छ ।

ARD समितिको बैठक तपाईं र विद्यालयलाई उपयुक्त हुने समय र ठाउँमा हुनुपर्छ । विद्यालयले प्रस्ताव गरेको समय र मिति तपाईंका लागि उपयुक्त छैन भने विद्यालयले सकेसम्म तपाईंलाई उपयुक्त हुने समय मिलाउने सक्दो प्रयास गर्नुपर्छ । यदि कोही पनि अभिभावक बैठकमा उपस्थित हुन सक्दैनन् भने तपाईं टेलिफोन वा भिडोयो कन्फ्रेन्स जस्ता वैकल्पिक माध्यमहरू प्रयोग गरेर सहभागी हुन सक्नुहुन्छ । विद्यालयले तपाईंलाई बैठकमा उपस्थित हुन मनाउन असमर्थ भएको खण्डमा, विद्यालयले तपाईंबिना नै बैठक आयोजना गर्न सक्छ ।

बैठकमा परिमार्जन वा छलफल गरिने पाठ्यक्रम क्षेत्र वा सम्बन्धित सेवा ARD समितिको सदस्यसँग सम्बन्धित नभएको हुनाले सो सदस्यको उपस्थिति आवश्यक नहुँदा उक्त सदस्यलाई ARD समिति बैठकको कुनै पनि भाग वा पूरै बैठकमा उपस्थित हुनबाट मुक्त गर्न सकिन्छ । तपाईंले अनुपस्थितिको कारणमा लिखित रूपमा सहमति जनाउनुपर्छ ।

तपाईं र तपाईंको विद्यालयले अनुपस्थितिको कारणमा लिखित रूपमा सहमति जनाउनुहुन्छ र अनुपस्थित हुने व्यक्तिले बैठकभन्दा अगाडि नै IEP विकास गर्नमा सहायता गर्न आफ्नो विचार लिखित रूपमा पेश गरिसकेको छ भने, बैठकमा परिमार्जन वा छलफल गरिने पाठ्यक्रम क्षेत्र वा सम्बन्धित सेवा ARD समितिको सदस्यसँग सम्बन्धित भए तापनि सो सदस्यलाई ARD समिति बैठकका उपस्थित हुनबाट मुक्त गर्न सकिन्छ ।

## योग्यता

तपाईंको बच्चा विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य छ वा छैन भनी निर्धारण गर्नका लागि दुई भागको परीक्षण हुन्छ: (1) तपाईंको बच्चामा कुनै किसिमको

अपाङ्गता हुनुपर्छ; र (2) उक्त अपाङ्गताको कारणले तपाईंको बच्चालाई शिक्षाबाट लाभ लिनका लागि विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको आवश्यकता हुनुपर्छ । योग्यताको दुई भागको परीक्षणको पहिलो भागमा योग्य ठहर हुन, तल कोष्ठक भित्र उमेर तोकिएका बाहेक 3 देखि 21 वर्षका बच्चाले तल सूचीकृत अपाङ्गता वर्गका एक वा बढी मापदण्ड पूरा गरेको हुनुपर्छ:

- अटिजम
- श्रवणहीन वा राम्रोसँग कान नसुन्ने (जन्मदेखि 21 वर्षसम्म);
- बहिरो-अन्धोपना (जन्मदेखि 21 वर्षसम्म);
- भावनात्मक समस्या;
- बौद्धिक अपाङ्गता;
- एकभन्दा बढी अपाङ्गताहरू;
- गैर वर्गीकृत प्रारम्भिक बाल्यावस्था (तीनदेखि पाँच वर्षसम्म);
- हाडजोर्नीको समस्या;
- अन्य स्वास्थ्य समस्या;
- निश्चित सिकाई अपाङ्गता;
- बोली वा भाषा सम्बन्धी समस्या;
- आघातमूलक मस्तिष्कको चोटपटक; वा
- दृष्टि दोष (जन्मदेखि 21 वर्षसम्म) ।

ARD समितिले प्रारम्भिक मूल्याङ्कनको रिपोर्ट तयार भएको मितिबाट 30 पात्रो दिन भित्रमा योग्यता निर्धारण गर्नुपर्छ । 30औं दिन गर्मी बिदाको समयमा पर्छ र विद्यालय खुला हुँदैन भने, ARD समितिले आउँदो फलमा कक्षा सुरू हुने पहिलो दिनसम्मा प्रारम्भिक योग्यता निर्धारण, IEP र शैक्षिक परिवेश नियोजन सम्बन्धी निर्णयहरू गरिसक्नुपर्छ । प्रारम्भिक मूल्याङ्कनले बच्चालाई *विस्तारित शैक्षिक वर्ष* **(ESY)** सेवाहरू आवश्यक रहेको देखाएमा यो व्यवस्था लागू हुँदैन ।

यद्यपि, विद्यालयले प्रारम्भिक मूल्याङ्कन गर्ने चालू शैक्षिक वर्षको अन्तिम विद्यालय दिनभन्दा 35 देखि 45 दिन अघि मात्रै तपाईंको सहमति प्राप्त गरेको भएमा तथा तपाईंले सहमति जनाउनुभएको मिति र वर्षको अन्तिम विद्यालय दिनको बीचको अवधिमा तपाईंको बच्चा तीन दिन वा सोभन्दा बढी समय अनुपस्थित भएको थिएन भने (अर्थात्, जुन 30 सम्ममा मूल्याङ्कनको रिपोर्ट प्राप्त गर्ने अवस्थाहरू पूरा भएको भएमा), प्रारम्भिक मूल्याङ्कनले तपाईंको बच्चालाई उक्त समरमा ESY सेवाहरू आवश्यक पर्ने ठहर गरेको अवस्थामा बाहेक, ARD समितिले मूल्याङ्कनको रिपोर्टको समीक्षा गर्न आगामी शैक्षिक वर्षको 15औं विद्यालय दिनभन्दा ढिलो नगरी बैठक आयोजना गर्नुपर्छ । मूल्याङ्कनले तपाईंको बच्चालाई समरमा ESY सेवाहरू आवश्यक पर्ने देखाएमा, ARD समितिले तपाईंको बच्चाको मूल्याङ्कनको रिपोर्टको समीक्षा गर्नका लागि सकेम्म छिटो बैठक आयोजना गर्नुपर्छ ।

पढाईमा समस्या झेलिरहेका सबै बालबालिकाहरू विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य हुँदैनन् । यदि तपाईंको बच्चालाई मुख्य रूपमा पठन वा गणितमा उपयुक्त निर्देशनको कमीले वा तपाईंको बच्चा अङ्ग्रेजी भाषामा पर्याप्त रूपमा दक्ष नभएको कारणले समस्या भएको हो भने तपाईंको बच्चा IDEA अन्तर्गत अपाङ्गता भएको बच्चाको रूपमा निर्धारण गरिएको हुनुहुँदैन । मूल्याङ्कनले तपाईंको बच्चामा अपाङ्गता छैन भनी देखाएको खण्डमा, विद्यालयको सहायता टोलीले तपाईंको बच्चालाई सहायता गर्न बैठक बसेर सामान्य शैक्षिक वातावरणमै अन्य सेवा वा कार्यक्रमहरू सिफारिस गर्न सक्छ ।

मूल्याङ्कनले तपाईंको बच्चामा अपाङ्गता छ भनी देखाएको खण्डमा, ARD समितिले त्यसपछि तपाईंको बच्चालाई सामान्य शिक्षा पाठ्यक्रम (अर्थात्, गैर-अपाङ्ग बालबालिकाका लागि भएको समान पाठ्यक्रम) सेवाहरूमा संलग्न हुन र प्रगति गर्नका लागि तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू आवश्यक छ वा छैन भनी निर्धारण गरी दुई भागमा विभाजित योग्यता परीक्षणको दोस्रो भागलाई सम्बोधन गर्नुपर्छ ।

## सेवाको प्रारम्भिक प्रावधान

तपाईंको बच्चा विशेष शिक्षा र सम्बन्धित सेवाहरूको लागि योग्य ठहर भएको खण्डमा, विद्यालयले तपाईंको बच्चालाई सकेसम्म सामान्य शैक्षिक वातावरणमा FAPE प्रदान गर्न आवश्यक हुन्छ । यो उपलब्धि ARD समितिले IEP तयार गरेर विद्यालयले सो IEP कार्यान्वयन गरेपछि हासिल हुन्छ । यद्यपि विद्यालयले कुनै पनि प्रारम्भिक विशेष शिक्षा र सम्बन्धित सेवाहरू गर्नु अघि तपाईंको सहमति लिनु आवश्यक हुन्छ । विद्यालयले ती प्रारम्भिक सेवाहरू प्रदान गर्नु अघि तपाईंको सहमति प्राप्त गर्ने सक्दो प्रयास गर्नुपर्छ । तपाईंले प्रारम्भिक सेवाहरू प्राप्त गर्न सहमति नजनाउनुभएको खण्डमा, विद्यालयले तपाईंको अस्वीकृतिलाई बदर गर्न मध्यस्थता वा निष्पक्ष सुनुवाई अनुरोध नगर्न सक्छ । तपाईंले सहमति जनाउन अस्वीकार गर्नुभयो भने कुनै पनि विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराइने छैन । यदि तपाईं विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रारम्भिक प्रावधानमा सहमति दिनुहुन्न वा सहमति प्रदान गर्न गरिएको अनुरोधको जवाफ फर्काउनुहुन्न भने विद्यालयले तपाईंको बच्चालाई FAPE उपलब्ध गराउनुपर्ने दायित्वको उल्लंघन गरेको हुँदैन ।

## व्यक्तीकृत शिक्षा कार्यक्रम

IEP का मुख्य तत्वहरूमा निम्न पर्दछन्:

- तपाईंको बच्चाको *हालको शैक्षिक उपलब्धि र कार्यात्मक कार्यसम्पादनको स्तर* **(PLAAFP);**
- शैक्षिक तथा कार्यात्मक लक्ष्यहरू लगायत मापनयोग्य वार्षिक लक्ष्यहरू;
- प्रदान गरिने विशेष शिक्षा, सम्बन्धित सेवाहरू र पूरक सहायता तथा सेवाहरूको विवरण;
- तपाईंको बच्चा राज्य तथा डिस्ट्रिक्टव्यापी मूल्याङ्कनहरूमा कसरी सहभागी हुनेछ भन्ने बारेमा जानकारी, तपाईंको बच्चाको लागि मूल्याङ्कन गर्न आवश्यक पर्ने कुनै पनि उपयुक्त विशेश व्यवस्था र तपाईंको बच्चाको नियमित राज्यव्यापी मूल्याङ्कनको सट्टा वैकल्पिक मूल्याङ्कन गर्नुपर्ने हुन्छ कि हुँदैन, र तपाईंको बच्चाको लागि किन वैकल्पिक मूल्याङ्कन उपयुक्त हुन्छ भन्ने सम्बन्धी विवरण

लगायत;

- उमेर उपयुक्तता अनुसार सङ्क्रमणकालिन सेवाहरू; र
- निश्चित अपाङ्गता, आवश्यकता वा अवस्थाहरू भएका बालबालिकाहरूको हकमा विचार गर्नुपर्ने र यदि आवश्यक ठहरिएमा सम्बोधन गर्नुपर्ने अन्य क्षेत्रहरू।

TEA ले नमूना फाराम तयार पारेको छ जुन https://tea.texas.gov/Academics/Special_Student_Populations/Special_Education_SPED/Programs_and_Services/IEP_Model_Form मा पाउन सकिन्छ। तपाईंको बच्चाको विद्यालयले यो नमूना फाराम वा अर्को छुट्टै फाराम प्रयोग गर्न सक्छ।

IEP को विकास गर्दा ARD समितिले विभिन्न कुराहरूलाई ख्याल गर्नुपर्छ जसमा निम्न कुराहरू पनि पर्दछन्:

- तपाईंको बच्चाको बलिया पक्षहरू;
- आफ्नो बच्चाको शिक्षालाई सुधार्ने विषयमा तपाईंका सरोकारहरू;
- तपाईंको बच्चाको सबैभन्दा हालैको मूल्याङ्कनको परिणामहरू;
- तपाईंको बच्चाको शैक्षिक, विकासात्मक र कार्यात्मक आवश्यकताहरू;

यसका अतिरिक्त ARD समितिले केही बालबालिकाहरूका लागि निम्न लिखित विशेष तत्त्वहरूलाई पनि सम्बोधन गर्नुपर्छ:

- बच्चाको व्यवहारले उनको आफ्नो र अरूको शिक्षामा बाधा पुऱ्याइरहेको भएमा, व्यवहारलाई सम्बोधन गर्नका लागि सकारात्मक व्यवहारजन्य सहायता सेवाहरू तथा सहयोग र अन्य रणनीतिहरूको प्रयोग गर्न सोच्ने;
- बच्चा अङ्ग्रेजी भाषामा सीमित दक्षताको कारणले योग्य ठहर भएको हो भने, बच्चाको भाषा सम्बन्धी आवश्यकताहरूको ख्याल गर्ने किनभने ती आवश्यकताहरू बच्चाको IEP सँग सम्बद्ध हुन्छन्; बच्चा दृष्टिविहीन छ वा बच्चामा दृष्टि दोष छ भने, समितिले बच्चाको लागि ब्रेलको सहायताले शिक्षा दिनु वा ब्रेलको प्रयोग गर्नु उपयुक्त

नहुने ठहर गरेको अवस्थामा बाहेक, ब्रेलको सहायताले पढाउने तथा ब्रेलको प्रयोग गर्ने;

- अपाङ्गता भएका हरेक बच्चाको सञ्चार आवश्यकताहरूको ख्याल गर्ने, र बहिरो वा सुन्नमा कठिनाइ भएको बच्चाको हकमा, बच्चाको भाषा तथा सञ्चार सम्बन्धी आवश्यकता, समकक्षी तथा पेशाकर्मी कर्मचारीसँग बच्चाको भाषा तथा बच्चाले प्रयोग गर्ने सञ्चार विधि मार्फत प्रत्यक्ष रूपमा सञ्चार गर्ने अवसर, शैक्षिक स्तर र बच्चाको भाषा तथा बच्चाले प्रयोग गर्ने सञ्चार विधि मार्फत प्रत्यक्ष रूपमा पढाउने व्यवस्था सहित अन्य विविध आवश्यकताहरूको ख्याल गर्ने; र
- अपाङ्गता भएका हरेक बच्चालाई सहयोगी प्रविधि उपकरण र सेवाहरूको आवश्यकता छ कि छैन भनेर विचार गर्नुहोस् ।

## शैक्षिक उपलब्धि र कार्यात्मक कार्यसम्पादनको हालको स्तर

IEP मा तपाईंको बच्चाको PLAAFP को कथन समावेश हुनुपर्छ । यो कथनमा अपाङ्गताले साधारण पाठ्यक्रममा सहभागी हुने तथा प्रगति गर्ने क्षमतामा कसरी प्रभाव पार्छ भन्ने कुरा उल्लिखित हुनुपर्छ । तपाईंको बच्चा किन्डरगार्टेन जाने उमेरको छ भने, कथनमा अपाङ्गताले बच्चालाई उमेर उपयुक्त क्रियाकलापहरूमा सहभागी हुन कसरी बाधा पुऱ्याउँछ भन्ने कुरा व्याख्या गरिएको हुनुपर्छ ।

## वार्षिक लक्ष्यहरू

तपाईंको बच्चालाई साधारण पाठ्यक्रममा संलग्न गराउन सकियोस् तथा बच्चाले प्रगति गर्न सकोस् भन्नका लागि IEP मा बच्चाको अपाङ्गताको कारणले उत्पन्न भएका आवश्यकताहरू सम्बोधण गर्न मद्दत गर्ने उद्देश्यले निर्धारण गरिएका शैक्षिक तथा कार्यात्मक लक्ष्यहरू लगायत मापनयोग्य वार्षिक लक्ष्यहरू समावेश हुनुपर्छ । यी लक्ष्यहरूले बच्चाको अपाङ्गताको कारणले उत्पन्न भएका अन्य शैक्षणिक आवश्यकताहरूलाई पनि सम्बोधन गर्नुपर्छ । IEP ले वार्षिक लक्ष्यहरू हासिल गर्ने तर्फ तपाईंको बच्चाको प्रगतिलाई कसरी मापन गरिनेछ र तपाईंलाई प्रगति रिपोर्ट कहिले

उपलब्ध गराइनेछ भन्ने कुराको बारेमा व्याख्या गर्नुपर्छ ।

## विशेष शिक्षा, सम्बन्धित सेवा र पूरक सहायता तथा सेवाहरू

ARD समितिले निम्न लिखित कार्यहरू गर्नका लागि के-कस्ता सेवाहरू आवश्यक पर्छ भन्ने कुराको निर्णय गर्दछ:

- बच्चालाई उचित रूपमा वार्षिक लक्ष्यहरू हासिल गर्न सक्षम बनाउन;
- साधारण पाठ्यक्रममा संलग्न हुन तथा त्यसमा प्रगति गर्न (अतिरिक्त तथा गैर-शैक्षिक क्रियाकलापहरूमा सहभागिता सहित); र
- अपाङ्गता नभएका बच्चाहरूसँगै पढ्न तथा अन्य क्रियाकलापमा सहभागी हुन ।

IEP मा तपाईंको बच्चालाई वा तपाईंको बच्चाको तर्फबाट प्रदान गरिनुपर्ने आवश्यक विशेष शिक्षा, सम्बन्धित सेवा र पूरक सहायता तथा सेवाहरूको विवरण समावेश हुनुपर्छ । यी सेवाहरू व्यवहारिक हदसम्म सम्बन्धित क्षेत्रका विज्ञहरूको मूल्याङ्कनमा आधारित हुनुपर्छ ।

यसको अतिरिक्त, IEP मा कुनै पनि कार्यक्रम परिमार्जन गर्न आवश्यक भएमा सो बारेमा र विद्यालयका कर्मचारीहरूलाई उपलब्ध गराइने सहायताको विवरण समावेश हुनुपर्छ । IEP मा सेवा तथा परिमार्जन सुरू हुने अनुमानित मिति र सेवा तथा परिमार्जनको अनुमानित आवृत्ति, स्थान र अवधि उल्लेख गरिएको हुनुपर्छ ।

## राज्यस्तरीय परीक्षा

संघीय कानून अन्तर्गत, विद्यालयहरूले बालबालिकालाई राज्यद्वारा तोकिएका विषयहरू सफलतापूर्वक पढाइरहेका छन् र उनीहरूले अपेक्षित उपलब्धि हासिल गरिरहेका छन् वा छैनन् भनी निर्धारण गर्न सबै बालबालिकाको राज्यस्तरीय परीक्षा लिनु अनिवार्य छ । टेक्सासमा, राज्यद्वारा तोकिएको शैक्षिक मापदण्डलाई टेक्सास मूलभूत ज्ञान तथा सीपहरू

(Texas Essential Knowledge and Skills) भनिन्छ जसलाई TEA को वेबसाइट https://tea.texas.gov/Academics/Curriculum_StandARDs/TEKS_Texas_Essential_Knowledge_and_Skills मा पाउन सकिन्छ । विशेष शिक्षा सेवाहरू प्राप्त गर्ने अपाङ्गता भएका बालबालिकाहरूले उपयुक्त राज्यस्तरीय परीक्षाहरू दिनेछन्, चाहे त्यो नियमित परीक्षा होस् वा अत्यन्त उल्लेख्य संज्ञानात्मक अपाङ्गता भएका बालबालिकाका लागि वैकल्पिक शैक्षिक उपलब्धि मापदण्ड बमोजिमका वैकल्पिक परीक्षा होस् । तपाईंको बच्चाले नियमित परीक्षा दिए पनि वा वैकल्पिक परीक्षा दिए पनि, ती परीक्षा राज्यको चुनौतीपूर्ण शैक्षिक सामग्री मापदण्ड बमोजिम हुने छन्, र तपाईंको बच्चाको IEP मा संकेत गरिए अनुसार उनले राज्य र डिस्ट्रिक्टव्यापी परीक्षाहरूमा उपयुक्त समायोजन प्राप्त गर्नुपर्दछ ।

ARD समितिले तपाईंको बच्चालाई राज्यस्तरीय परीक्षामा भाग लिनका लागि विशेष व्यवस्थाहरू चाहिने ठहर गरेमा, IEP मा उपयुक्त विशेष व्यवस्थाहरूको बारेमा उल्लेख गरिएको हुनुपर्छ । विशेष व्यवस्थाहरू सम्बन्धी जानकारी https://tea.texas.gov/Student_Testing_and_Accountability/Testing/Student_Assessment_Overview/Accommodation_Resources मा उपलब्ध छ ।

ARD समितिले तपाईंको बच्चाले राज्य वा डिस्ट्रिक्टस्तरीय परीक्षाको सट्टा वैकल्पिक परीक्षा दिनु उपयुक्त हुने ठहर गरेमा, बच्चाले नियमित परीक्षा किन भाग लिन सक्दैन र तपाईंको बच्चाको लागि तोकिएको वैकल्पिक परीक्षा किन उपयुक्त छ भन्ने बारेमा स्पष्टिकरण प्रदान गर्नुपर्छ । यसको अतिरिक्त, यदि तपाईंको बच्चाले वैकल्पिक परीक्षा दिइरहेका छन् भने, तपाईंको बच्चाको IEP मा बेन्चमार्क वा अल्प-कालीन उद्देश्यहरू पनि समावेश गरिएको हुनुपर्छ । बेन्चमार्क वा अल्प-कालीन उद्देश्यहरू सबैभन्दा उल्लेख्य संज्ञानात्मक अपाङ्गता भएका र वैकल्पिक शैक्षिक उपलब्धि मापदण्ड बमोजिमको वैकल्पिक परीक्षा दिइरहेका विद्यार्थीहरूका लागि मात्र आवश्यक हुन्छ ।

तपाईंको बच्चाले राज्यस्तरीय परीक्षामा सन्तोषजनक प्रदर्शन नगरेको खण्डमा, ARD समितिले बच्चा कसरी द्रुत शिक्षण कार्यक्रम वा गहन शिक्षण कार्यक्रममा सहभागी हुनेछ

भन्ने कुरालाई सम्बोधन गर्नुपर्छ ।

## सङ्क्रमणकाल

IDEA र राज्यको कानूनले बढी उमेरका विद्यार्थीहरूको IEP ले सङ्क्रमणकालिन सेवाहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता जनाउँछ । *सङ्क्रमणकालिन सेवाहरू* भनेका बच्चालाई विद्यालयको पढाई सकेपछि करियर वा प्राविधिक क्रियाकलापहरूमा स्थानान्तरण हुन मद्दत गर्न तयार पारिएका क्रियाकलापहरूको एउटा संयोजित समूह हुन् । ट्रान्जिसन योजना बनाउने सुरु हुने उमेर, यद्यपि, संघीय तथा राज्य कानून अन्तर्गत भिन्न हुन्छ । टेक्सासको कानुन बमोजिम, ARD समितिले, बच्चा 14 वर्ष पुग्ने मितिभन्दा अगाडि नै IEP का निम्नलिखित समस्याहरूलाई विचार गर्नुपर्छ र उपयुक्त भएमा तिनीहरूको सम्बोधन गर्नुपर्छ:

(1) सार्वजनिक विद्यालय प्रणालीभन्दा बाहिरको जीवनमा विद्यार्थीको ट्रान्जिसनमा उपयुक्त विद्यार्थीको संलग्नता;

(2) विद्यार्थी 18 वर्षभन्दा सानो हुनुहुन्छ भने, निम्नद्वारा सहभागी हुन निमन्त्रणा गरिएका विद्यार्थीको अभिभावक र अन्य व्यक्तिहरूद्वारा विद्यार्थीको ट्रान्जिसनमा उपयुक्त संलग्नता:

   (A) विद्यार्थीको अभिभावक; वा

   (B) बच्चालाई भर्ना गरिएको स्कूल डिस्ट्रिक्ट;

(3) विद्यार्थी कम्तीमा 18 वर्षको हुनुहुन्छ भने, विद्यार्थीको अभिभावक वा अन्य व्यक्तिहरूद्वारा विद्यार्थीको ट्रान्जिसन र भविष्यमा संलग्नता, यदि अभिभावक वा अन्य व्यक्तिलाई:

   (A) विद्यार्थी वा विद्यार्थीलाई भर्ना गरिएको स्कूल डिस्ट्रिक्टद्वारा सहभागी हुन निमन्त्रणा गरिएमा; वा

   (B) समर्थित निर्णय-गर्ने सम्झौता अन्तर्गत सहभागी हुन विद्यार्थीको सहमति भएमा;

(4) पोस्टसेकेण्डरी स्तरको पाठ्यक्रमकार्यको लागि तयारी सहित उपयुक्त पोस्टसेकेण्डरी

शिक्षा विकल्पहरू;

(5) उपयुक्त कार्यात्मक पेशागत मूल्याङ्कन;

(6) उपयुक्त रोगजार लक्ष्य तथा उद्देश्यहरू;

(7) यदि बच्चा कम्तीमा 18 वर्षको पुग्नुभएको छ भने, विद्यार्थीका ट्रान्जिसन लक्ष्य तथा उद्देश्यहरूको सहकार्यमा बच्चालाई पोस्टसेकेण्डरी शिक्षा वा प्रशिक्षण, प्रतिस्पर्धात्मक एकीकृत रोगजारी वा स्वतन्त्र जीवनयापनका लागि विद्यार्थीलाई तयार पार्ने सामुदायिक सेटिङ वा वातावरणहरू सहित उमेर-अनुकूल निर्देशनात्मक वातावरणहरूको उपलब्धता;

(8) उपयुक्त स्वतन्त्र जीवनयापनका लक्ष्य तथा उद्देश्यहरू;

(9) उक्त विद्यार्थीलाई विद्यार्थीहरूका लागि उपलब्ध हुने सार्वजनिक लाभहरूको प्रतिक्षा सूचीमा राख्नका लागि सरकारी निकायहरूलाई सिफारिफ सहित विद्यार्थी वा विद्यार्थीका अभिभावकहरूको सिफारिसलाई सहज बनाउने उपयुक्त परिस्थितिहरू; र

(10) निम्न उपयुक्त कुराहरूको प्रयोग तथा उपलब्धता:

(A) विद्यार्थीलाई निर्णय-गर्ने सीपहरू विकास गर्नमा सहायता गर्नका लागि अनुपूरक सहायता, सेवा, पाठ्यक्रम र अन्य अवसरहरू; र

(B) समर्थित निर्णय-गर्ने सम्झौता सहित विद्यार्थीको स्वतन्त्रता र स्वाधीनतालाई फोस्टर गर्नका लागि सहायता तथा सेवाहरू ।

IDEA को भाग B अनुसार बच्चा 16 वर्षको पुग्दा वा ARD समितिले उपयुक्त हुने ठहर गरेमा सो भन्दा कम उमेरमा पहिलो IEP प्रभावकारी हुने मितिभन्दा ढिला नगरिकन IEP ले प्रशिक्षण, शिक्षा, रोजगारी र उपयुक्त हुँदा स्वतन्त्र जीवनयापन सीपहरूसँग सम्बन्धित उमेर उपयुक्त सङ्क्रमणकालिन मूल्याङ्कनहरूको आधारमा उचित तथा मापनयोग्य पोस्टसेकेण्डरी लक्ष्यहरू समावेश गर्न अनिवार्य छ । IEP मा बच्चालाई ती लक्ष्यहरू हासिल गर्नमा सहायता गर्नको लागि अध्ययनका पाठ्यक्रम लगायत आवश्यक सङ्क्रमणकालिन सेवाहरू समावेश हुनुपर्छ ।

सङ्क्रमणकालिन सेवाहरू र पोस्टसेकेण्डरी लक्ष्यहरूका बारेमा छलफल गरिने बेलामा

तपाईंको बच्चालाई ARD समितिको बैठकमा आमन्त्रित गरिनुपर्छ । यदि तपाईंको बच्चा बैठकमा उपस्थित भएनन् भने, ARD समितिले तपाईंको बच्चाका प्राथमिकता र रुचिहरूलाई ध्यान दिइएको कुरा सुनिश्चित गर्न अन्य कदमहरू चाल्नुपर्छ । यदि तपाईंको बच्चा 18 वर्षभन्दा सानो हुनुहुन्छ र कम्तीमा 14 वर्ष पुग्नुभएको छ भने, ARD समितिले तपाईं वा तपाईंले र विद्यालयले निमन्त्रणा गरेका अन्य व्यक्तिहरूद्वारा विद्यार्थीको ट्रान्जिसनमा संलग्नतालाई ध्यान दिनुपर्छ । यसको अतिरक्त, यदि उपयुक्त भएमा, विद्यालयले तपाईंको वा वयस्क विद्यार्थीको लिखित सहमतिमा सम्भवतः सङ्क्रमणकालिन सेवाहरू उपलब्ध गराउन वा ती सेवाहरूको लागि भुक्तानी गर्न जिम्मेवार हुने कुनै पनि सहभागी निकायको प्रतिनिधिलाई आमन्त्रित गर्नुपर्छ ।

एकपटक तपाईंको बच्चा 18 वर्ष पुगेपछि, ARD समितिले तपाईं वा अन्य व्यक्तिहरूको विद्यार्थीको ट्रान्जिसन र भविष्यमा संलग्नतालाई विचार गर्नुपर्छ र, यदि उपयुक्त भएमा, त्यसलाई सम्बोधन गर्नुपर्छ, यदि तपाईं वा अन्य व्यक्तिलाई:

- वयस्क विद्यार्थी वा वयस्क विद्यार्थीलाई भर्ना गरिएको LEA द्वारा सहभागी हुन निमन्त्रण गरिएको भएमा; वा
- तपाईं वा अन्य व्यक्तिसँग समर्थित निर्णय-गर्ने सम्झौताका अनुसार सहभागी हुने वयस्क विद्यार्थीको सहमति छ भने ।

## वयस्क विद्यार्थीहरू

तपाईंको बच्चा 18 वर्ष पुगेपछि, उक्त बच्चा वयस्क विद्यार्थी बन्नुहुन्छ । वयस्क विद्यार्थीहरूसँग कानूनले अयोग्य निर्धारण नगर्दासम्म आफ्नै तर्फबाट निर्णयहरू गर्ने अधिकार हुन्छ । तपाईंको बच्चा 18 वर्ष पुग्नुभन्दा कम्तीमा एक वर्ष अगाडि आयोजना गरिएको ARD समिति बैठकमा, तपाईंको बच्चाले शैक्षिक निर्णयहरू गर्ने अधिकार आफ्ना अभिभावकहरूबाट आफूमा स्थानान्तरण हुनेछ भन्ने कुरा जान्नुहुनेछ । तपाईंको बच्चाको IEP मा अभिभावक र बच्चालाई अधिकारको स्थानान्तरणको बारेमा सूचित गरियो भन्ने कुरा प्रमाणित गर्ने कथन समावेश गर्नुपर्छ । यसमा संरक्षकता, संरक्षकताका विकल्पहरूको

बारेमा साझा गरिएको जानकारी तथा संसाधनहरू र स्वतन्त्र जीवनयापनमा सहायता गर्नका लागि डिजाइन गरिएका अन्य सहायता तथा सेवाहरूको बारेमा साझा गरिएको जानकारीलाई व्याख्या गर्ने कथन पनि समावेश हुनुपर्छ ।

तपाईंका अधिकारहरू तपाईंको वयस्क विद्यार्थीमा स्थानान्तरण भएपछि, तपाईं र तपाईंको वयस्क विद्यार्थी दुबैले सम्पूर्ण भावी आवश्यक सूचनाहरू प्राप्त गर्नेछन् । यद्यपि, ARD समितिका बैठकहरूका सूचनाहरू तपाईंलाई बैठकहरूमा उपस्थित हुने निमन्त्रणा होइनन् । तपाईंको वयस्क विद्यार्थीले तपाईंलाई निमन्त्रणा गर्नुहुन्छ वा आफ्नो विद्यालयलाई तपाईंलाई निमन्त्रणा गर्ने अनुमति दिनुहुन्छ भने मात्र तपाईं बैठकहरूमा उपस्थित हुन सक्नुहुन्छ ।

## अटिजम भएका बालबालिका

अटिजम भएको बच्चाको हकमा, 11 वटा रणनीतिहरू छन् जसलाई 19 TAC §89.1055(e) बमोजिम, व्यवहारिक हदसम्म सम्बन्धित क्षेत्रका विज्ञहरूको मूल्याङ्कन तथा अनुसन्धानमा आधारित शैक्षिक अभ्यासहरूको आधारमा विचार गर्नुपर्छ । आवश्यक हुँदा, यी रणनीतिहरूलाई IEP मा सम्बोधन गरिनुपर्छ । आवश्यक नहुँदा, IEP मा यी रणनीतिहरूलाई सम्बोधन किन आवश्यक छैन र के आधारमा आवश्यक नरहेको निर्धारण गरियो भन्ने बारेमा स्पष्टिकरण समावेश हुनुपर्छ । ARD समितिले ध्यानमा राख्नुपर्ने अतिरिक्त रणनीतिहरू यस प्रकार छन्:

- विस्तारित शैक्षिक कार्यक्रम;
- न्यूनतम असंगठित समयलाई प्रतिबिम्बित गर्ने दैनिक समयतालिकाहरू;
- घर तथा समुदायमा आधारित प्रशिक्षण वा सम्भावित विकल्पहरू;
- सकारात्मक व्यवहारजन्य सहायता रणनीतिहरू;
- भविष्यको योजना;
- आमाबुवा/परिवारको प्रशिक्षण र सहायता योजना;
- पहिचान गरिएका क्रियाकलापहरूमा उपयुक्त हुने उचित कर्मचारी र बच्चाको अनुपात;

- सञ्चार सम्बन्धी सहायता सेवाहरू;
- सामाजिक सीपहरू सुधार्ने सहायता र रणनीतिहरू;
- विज्ञ शिक्षक/कर्मचारी सहायता; र
- विज्ञको मूल्याङ्कन र अनुसन्धानमा आधारित अभ्यासहरूमा आधारित शिक्षण रणनीतिहरू ।

## बहिरा वा सुन्नमा कठिनाई भएका बालबालिका

बहिरा वा सुन्नमा कठिनाई भएका बच्चाको हकमा, ARD समितिले बच्चाको निम्न आवश्यकताहरूको ख्याल गर्नुपर्छ:

- भाषा तथा सञ्चार सम्बन्धी आवश्यकताहरू;
- समकक्षी तथा पेशाकर्मी कर्मचारीसँग बच्चाको भाषा तथा बच्चाले प्रयोग गर्ने सञ्चार विधि मार्फत प्रत्यक्ष रूपमा सञ्चार गर्ने अवसर;
- शैक्षिक स्तर; र
- बच्चाको भाषा तथा बच्चाले प्रयोग गर्ने सञ्चार विधि मार्फत प्रत्यक्ष रूपमा पढाउने व्यवस्था सहित अन्य विविध आवश्यकताहरू ।

## दृष्टिविहीन वा दृष्टि दोष भएका बालबालिका

राज्यको कानुन बमोजिम, दृष्टिविहीन वा आँखा कमजोर भएका बच्चाको हकमा ARD समितिले बच्चाको लागि ब्रेल साक्षरताको उपयुक्त माध्यम नभएको निर्धारण गरेर अभिलेखीकरण गरेको अवस्थामा बाहेक ARD समितिले बच्चाको IEP मा ब्रेलमा शिक्षण र ब्रेल प्रयोग गर्ने समावेश गर्नुपर्नेछ । ARD समितिको निर्णय बच्चाको साक्षरताको उपयुक्त माध्यम र साक्षरता कौशल र बच्चाको वर्तमान र आगामी शैक्षिक आवश्यकताहरूको मूल्याङ्कनमा आधारित हुनुपर्दछ ।

राज्यको कानुन बमोजिम, दृष्टिविहीन वा दृष्टि दोष भएका बच्चाको हकमा, ARD समितिले बच्चाको निम्न आवश्यकताहरूको ख्याल गर्नुपर्छ:

- पूरक सीपहरू, जस्तै ब्रेल लेख्ने तथा अवधारणाको विकास, र बाँकी पाठ्यक्रममा पहुँच गर्नका लागि आवश्यक अन्य सीपहरू;
- अभिमुखीकरण र मोबिलिटी निर्देशन;
- सामाजिक अन्तरक्रियाका सीपहरू;
- करियरको योजना बनाउने;
- अप्टिकल यन्त्रहरू सहितका सहायक प्रविधि;
- स्वतन्त्र जीवनयापन सीपहरू;
- मनोरञ्जन तथा रमाइलो गर्ने;
- आत्मनिर्भरता; र
- अन्य ज्ञानेन्द्रियको प्रभावकारी प्रयोग।

## व्यवहारजन्य सहायता योजना (BIP)

ARD समितिले तपाईंको बच्चाको लागि व्यवहारजन्य सहायता योजना वा **BIP** उपयुक्त हुने ठहर गरेको खण्डमा, उक्त योजनालाई तपाईंको बच्चाको IEP को भागको रूपमा समावेश गरिनुपर्छ र तपाईंको बच्चालाई शिक्षा प्रदान गर्ने जिम्मेवार हरेक शिक्षकलाई प्रदान गरिनुपर्छ।

## विस्तारित शैक्षिक वर्ष सेवाहरू

ARD समितिले तपाईंको बच्चा ESY सेवाहरू प्राप्त गर्ने योग्य छ वा छैन भन्ने कुरामा विचार गर्नुपर्छ। तपाईंको बच्चाको हालको IEP का लक्ष्य र उद्देश्यहरूमा सम्बोधन गरिएका एक वा बढी संवेदनशिल क्षेत्रहरूमा तपाईंको बच्चाले गम्भीर वा उल्लेखनीय प्रत्यागमन देखाएको, वा भविष्यमा त्यस्तो प्रत्यागमन देखिने स्पष्ट सम्भावना भएमा, तपाईंको बच्चा ESY सेवाहरू प्राप्त गर्ने योग्य हुन्छ। यो *गम्भीर वा उल्लेखनीय प्रत्यागमन* शब्दावलीले

बच्चाले ESY सेवाहरू प्राप्त नगरेको हुनाले उनले सिकेका एक वा बढी महत्त्वपूर्ण सीपहरू कायम राख्न असफल भएको छ वा असफल हुनेछ भन्ने अर्थ दिन्छ ।

ARD समितिले तपाईंको बच्चालाई ESY सेवाहरूको आवश्यक रहेको ठहर गरेमा, IEP ले ESY सेवाहरूको अवधिमा IEP का कुन-कुन लक्ष्य र उद्देश्यहरू सम्बोधन गरिनेछ भनी पहिचान गर्नुपर्छ । तपाईंको बच्चाको विद्यालयले बच्चाको वार्षिक ARD समिति बैठकमा ESY सेवाहरूको बारेमा छलफल गर्ने प्रस्ताव गरेन भने, तपाईंले आफ्नो बच्चाको ARD समितिलाई ESY सेवाहरूको बारेमा छलफल गर्न अनुरोध गर्न सक्नुहुन्छ । ESY सेवाहरू बारे जानकारी https://tea.texas.gov/Academics/Special_Student_Populations/Special_Education/Programs_and_Services/Extended_School_Year_Services_for_Students_with_Disabilities मा उपलब्ध छ ।

## शैक्षिक परिवेश नियोजन

IDEA ले अपाङ्गता भएका बच्चालाई *न्यूनतम प्रतिबन्धात्मक वातावरण*मा शिक्षा प्रदान गरिनुपर्छ भन्ने आवश्यकता जनाउँछ । यसको अर्थ तपाईंको बच्चालाई उपयुक्तता अनुसार सकेसम्म अपाङ्गताहरू नभएका बालबालिकाहरूसँगै राखेर पढाउनुपर्छ । तपाईंको बच्चाको अपाङ्गताको प्रकृति वा गम्भीरता यस्तो छ कि उनलाई पूरक सहायता तथा सेवाहरू उपलब्ध गराएर सामान्य कक्षाकोठामा पढाउँदा सन्तोषजनक उपलब्धि हासिल गर्न सकिँदैन भने, बच्चालाई सामान्य शैक्षिक वातावरणबाट हटाउन सकिन्छ ।

*पूरक सहायता र सेवाहरू* भन्नाले अपाङ्गता भएका बालबालिकाहरूलाई सकेसम्म अपाङ्गता नभएका बालबालिकाहरूसँगै पढाउन सकियोस् भनेर उनीहरूलाई नियमित कक्षाकोठा, शिक्षासँग सम्बन्धित अन्य परिवेश र अतिरिक्त तथा पाठ्यक्रमभन्दा बाहिरका क्रियाकलापहरूमा प्रदान गरिने सहायता, सेवा र अन्य सहायक सामग्रीहरू हुन् ।

विशेष शिक्षा प्रक्रियाको एउटा मूलभूत भाग भनेको बच्चाको IEP लाई कार्यान्वयन गर्ने

उचित शैक्षिक परिवेश निर्धारण गर्नु हो । शैक्षिक परिवेश नियोजन भन्नाले अपाङ्गता भएको बच्चालाई उपलब्ध (नियमित कक्षा, विशेष कक्षा, विशेष विद्यालय, घरमै पढाउने, अस्पताल र संस्थाहरूमा शिक्षा दिने जस्ता) शैक्षिक परिवेश सम्बन्धी विकल्पहरूका कन्टिनमका वन्दुहरूलाई जनाउँछ । शैक्षिक परिवेश नियोजन गर्नु भनेको सेवाहरू प्रदान गरिने निश्चित भौतिक स्थान वा साइट तोक्नु होइन । ARD समितिले बच्चाको IEP को आधारमा शैक्षिक परिवेश नियोजन गर्दछ ।

## ARD समितिको निर्णय

IEP को आवश्यक तत्वहरूको सम्बन्धमा ARD समितिको निर्णय सम्भव भएसम्म समिति सदस्यहरूको आपसी समझदारीमा गरिनुपर्छ । यस आपसी समझदारीलाई *सर्वसम्मति* भनिन्छ । ARD समितिले कुनै पनि निर्णय गर्दा सर्वसम्मति प्राप्त गर्ने प्रयास गर्नुपर्छ, तर तपाईंको बच्चालाई FAPE प्राप्त गर्न आवश्यक हुने सेवाहरू IEP ले समावेश गर्छ भन्ने कुरा सुनिश्चित गर्नका लागि विद्यालय जिम्मेवार हुन्छ । ARD समितिका निर्णयहरू बहुमतको आधारमा गर्न मिल्दैन । तपाईं वा प्रशासकले ARD समितिका निर्णयहरूसँग सहमति जनाउनुहुन्छ वा सहमति जनाउनुहुँदैन भनी IEP ले संकेत गर्नुपर्छ ।

तपाईं ARD समितिको निर्णयहरूमा असहमत हुनुहुन्छ भने, तपाईं र विद्यालयको बीचमा अन्य सहमति भएको अवस्थामा बाहेक, तपाईंलाई अधिकतम 10 विद्यालय दिनसम्म समितिको बैठक स्थगित गर्ने एउटा अवसर दिइनेछ । तपाईंले केही समयका लागि बैठक स्थगित गरी पछि पुन: आयोजना गर्ने प्रस्तावलाई स्वीकार गर्नुभयो भने ARD समितिले अर्को बैठक आपसी सहमतिमा तोकिएको समय र स्थानमा आयोजना गर्नुपर्छ । तथापि, तपाईंको बच्चा विद्यालय परिसरमा उपस्थिति हुँदा तपाईंको बच्चा वा अरूलाई शारीरिक हानि हुने खतरा छ वा तपाईंको बच्चाले विद्यालयबाट निष्कासन गर्नुपर्ने वा वैकल्पिक अनुशासनात्मक शैक्षिक कार्यक्रममा राख्नुपर्ने खालको कसूर गरेको छ भने, तपाईंले ARD समितिका निर्णयहरूमा असहमति जनाएता पनि ARD समितिले बैठक स्थगित गर्न आवश्यक हुँदैन ।

बैठक स्थगित भएको अवधिमा सदस्यहरूले विकल्पहरूको बारेमा सोच्ने, अतिरिक्त जानकारीको संकलन गर्ने, आगामी बैठकको लागि कागजातपत्रको तयारी गर्ने र/वा ARD समितिलाई आपसी समझदारीमा पुग्न सहायता गर्न सक्ने अतिरिक्त संसाधन व्यक्तिहरू खोज्ने जस्ता कार्यहरू गर्नुपर्छ । ARD समितिले पुनः बैठक आयोजना गर्छ र तपाईं अझै पनि असहमत हुनुहुन्छ भने, तपाईंको सहमति आवश्यक पर्ने सेवाहरूको प्रारम्भिक प्रबन्धकोको विषयमा असमहमति भएको अवस्थामा बाहेक, विद्यालयले तपाईंको बच्चाको लागि उपयुक्त हुने ठहर गरेको IEP कार्यान्वयन गर्नुपर्छ ।

आपसी समझदारीमा पुग्न नसकेको खण्डमा, IEP मा असहमति हुनुको कारण उल्लिखित एउटा कथन समावेश गरिनुरपर्छ । तपाईं ARD समितिका निर्णयहरूमा असहमत हुनुहुन्छ भने, तपाईंलाई असहमतिको कारण सहित आफ्नै कथन लेख्ने अवसर दिइनुपर्छ । विद्यालयले तपाईंलाई IEP कार्यान्वयन गर्नुभन्दा कम्तीमा पनि पाँच विद्यालय दिन अगाडि लिखित सूचना दिनुपर्छ । तपाईंले योभन्दा छोटो सूचना अवधिमा सहमति जनाउनुभएको छ भने, सोही अनुसार सूचना दिइनेछ ।

ARD समितिले IEP का सबै आवश्यक तत्वहरू बारे सहमतिमा पुग्न असफल भएको बाहेक अन्य कारणहरूले पनि बैठक स्थगित गर्न सक्नेछ ।

## IEP को प्रति

विद्यालयले तपाईंलाई तपाईंको बच्चाको IEP को एउटा प्रति नि:शुल्क रूपमा प्रदान गर्नुपर्छ । 19 TAC §89.1050(i) बमोजिम, तपाईंलाई अङ्ग्रेजी बोल्न आउँदैन र तपाईंको मातृभाषा स्पेनिश हो भने, विद्यालयले तपाईंको बच्चाको IEP लाई स्पेनिशमा अनुवाद गरेको लिखित प्रतिलिपि वा अडियो रेकर्डिङ उपलब्ध गराउनुपर्छ । तपाईंलाई अङ्ग्रेजी बोल्न आउँदैन र तपाईंको मातृभाषा स्पेनिश होइन भने, विद्यालयले तपाईंको बच्चाको IEP लाई तपाईंको मातृभाषामा अनुवाद गरेको लिखित प्रतिलिपि वा अडियो रेकर्डिङ उपलब्ध गराउने उचित प्रयास गर्नुपर्छ । तपाईंलाई अङ्ग्रेजी बोल्न आउँदैन र तपाईंको मातृभाषा लिखित भाषा

होइन भने, विद्यालयले तपाईंको बच्चाको IEP लाई मौखिक रूपमा वा अन्य तरिकाहरूबाट तपाईंको मातृभाषमा अनुवाद गर्न आवश्यक कदमहरू चाल्नुपर्छ । लिखित अनुवादन भन्नाले तपाईंको बच्चाको IEP मा रहेको सबै पाठलाई लिखित स्वरूपमा अनुवादन गरिन्छ । तपाईंलाई बैठकमा दोभाषे वा अनुवाद सेवा प्रदान गरिएको थियो र तपाईंको बच्चाको IEP को सबै सामग्रीलाई मौखिक रूपमा अनुवाद वा रेकर्ड गरिएको भएमा, विद्यालयले तपाईंलाई ARD समिति बैठकको अडियो रेकर्डिङ उपलब्ध गराउन सक्छ ।

IDEA को भाग B अन्तर्गत, विद्यालयले आमाबाबुले ARD कमिटी बैठकको कार्यवाही बुझ्ने कुरा सुनिश्चित गर्न विद्यालयले श्रवणहीन वा मातृभाषा अङ्ग्रेजी बाहेक अन्य भाषा रहेका आमाबुबाका लागि दोभाषेको व्यवस्था गर्ने लगायत जुनै पनि कदम चाल्नुपर्दछ ।

## व्यक्तीकृत शिक्षा कार्यक्रमको समीक्षा

ARD समितिले तपाईं बच्चाको IEP समीक्षा गर्न तथा वार्षिक लक्ष्यहरूलाई हासिल भएका छन् वा छैनन् भन्ने कुरा निर्धारण गर्नको लागि वर्षमा एकपटक बैठक आयोजना गर्नुपर्छ । ARD समीतिले उपयुक्तआ अनुसार तपाईंको बच्चाको IEP संशोधन गर्न तथा निम्न कुराहरू सम्बोधन गर्न वर्षमा एकपटकभन्दा धेरै बैठक आयोजना गर्न सक्छ:

- वार्षिक लक्ष्यहरू तथा सामान्य पाठ्यक्रममा अपेक्षा गरे अनुसार प्रगति नभएको;
- कुनै पनि पुनर्मूल्याङ्कनका नतिजाहरू;
- बच्चाको बारेमा अभिभावकलाई वा अभिभावकले प्रदान गरेका जानकारी;
- बच्चाको अपेक्षित आवश्यकताहरू; वा
- अन्य विषयवस्तुहरू ।

तपाईंले आफ्नो बच्चाका शैक्षित सरोकारहरूको बारेमा छलफल गर्न ARD समिति बैठक आयोजना गर्न लिखित अनुरोध गर्न सक्नुहुन्छ । विद्यालयले या त तपाईंको बैठकको अनुरोधलाई स्वीकार्नु पर्छ वा तपाईंलाई पाँच विद्यालय दिन भित्रमा बैठक आयोजना गर्न अस्वीकार गर्नुको कारण सहित एउटा लिखित सूचना दिनुपर्छ । तपाईंलाई अङ्ग्रेजी बोल्न

आउँदैन भने, त्यसो गर्न असम्भव भएको अवस्थामा बाहेक, विद्यालयले तपाईंलाई तपाईंको मातृभाषामा सूचना दिनुपर्छ । यदि तपाईंको मातृभाषा लिखित भाषा होइन भने, विद्यालयले सूचनालाई मौखिक रूपमा अनुवादन गर्ने वा अन्य माध्यमहरू प्रयोग गरेर तपाईंले बुझ्ने भाषामा प्रदान गर्न आवश्यक कदमहरू चाल्नुपर्छ ।

तपाईं र तपाईंको विद्यालयले ARD समिति बैठक आयोजना नगरिकन आपसी समझदारीमा IEP मा परिवर्तनहरू गर्ने निर्णय गर्न सक्नुहुन्छ । यद्यपि, योग्यता निर्धारणमा परिवर्तन, शैक्षिक परिवेशमा परिवर्तन तथा मेनिफेस्टेसन निर्धारण जस्ता कार्यहरू ARD समिति बैठकमै गरिनुपर्छ । IEP लाई ARD समितिको बैठक बाहिर परिवर्तन गरिएको भएमा, सहमति भएका परिवर्तनहरूलाई दर्शाउले लिखित कागजात हुनुपर्छ । तपाईंले अनुरोध गर्दा, विद्यालयले तपाईंलाई संशोधित IEP को प्रतिलिपि उपलब्ध गराउनुपर्छ । यस अतिरिक्त, विद्यालयले बच्चाको ARD समितिलाई ती परिवर्तनहरूको बारेमा सूचित गरिएको छ भनी सुनिश्चित गर्नुपर्छ ।

## पुनर्मूल्याङ्कन

तपाईंको बच्चाले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्न सुरु गरेपछि आवधिक रूपमा पनर्मूल्याङ्कन गर्न आवश्यक हुनेछ । विद्यालयले पुनर्मूल्याङ्कनका लागि तपाईंको सहमति प्राप्त गर्ने सक्दो प्रयास गर्नुपर्छ । विद्यालयले तपाईंको सहमति प्राप्त गर्ने सक्दो प्रयास गरेको भए तापनि तपाईंले प्रतिक्रिया दिनुभएन भने, विद्यालयले तपाईंको सहमतिबिना पुनर्मूल्याङ्कन गर्न सक्नेछ । तपाईंले आफ्नो बच्चाको पुनर्मूल्याङ्कन गर्न सहमति जनाउन अस्वीकार गर्नुभयो भने, विद्यालयले पुनर्मूल्याङ्कनका लागि तपाईंको असहमतिलाई बदर गर्न मध्यस्थता वा निष्पक्ष सुनुवाईको अनुरोध गर्न सक्छ, तर विद्यालयले यसो गर्न अनिवार्य भने छैन । विद्यालयले पुनर्मूल्याङ्कन गर्ने प्रति तपाईंको असहमतिलाई बदर गर्ने प्रयास नगरेको खण्डमा, यसले बच्चा फेला पार्ने कर्तव्य वा तपाईंको बच्चाको मूल्याङ्कन गर्ने दायित्वलाई उल्लङ्घन गरेको ठहर हुनेछैन ।

पुनर्मूल्याङ्कन प्रारम्भिक मूल्याङ्कन जस्तै हुन्छ । तपाईंको बच्चामा अझै पनि अपाङ्गता

छ कि छैन र शैक्षिक आवश्यकताहरू छन् वा छैनन् भन्ने कुरा निर्धारण गर्न पर्याप्त रूपमा विस्तृत पुनर्मूल्याङ्कन गरिनुपर्छ । तपाईं र विद्यालयको बीचमा अन्य सहमति भएको अवस्थामा बाहेक, तपाईंको बच्चाको पुनर्मूल्याङ्कन कम्तीमा पनि हरेक तीन वर्षमा गरिनुपर्छ । तपाईं र विद्यालयको बीचमा यस कुरामा सहमति भएको अवस्थामा बाहेक, एक वर्षमा एकभन्दा बढी पुनर्मूल्याङ्कन गर्न पाइँदैन ।

IDEA अन्तर्गत बच्चाको प्रारम्भिक मूल्याङ्कनमा अनिवार्य रूपमा *विद्यमान मूल्याङ्कन डेटाको समीक्षा* **(REED)** गर्नुपर्छ र यदि उपयुक्त भएमा, कुनै पनि पूनर्मूल्याङ्कनको अङ्गको रूपमा REED सम्पन्न गर्नुपर्दछ । विद्यालयले विद्यमान मूल्याङ्कन डेटाको समीक्षा गर्न तपाईंको सहमति प्राप्त गर्न आवश्यक पर्दैन । REED तपाईं सहितको ARD समितिले गर्नुपर्छ तर यो कार्य बैठकमै गर्न जरूरी छैन । सदस्यहरूले मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको दायरा निर्धारण गर्नका लागि तपाईंले प्रदान गर्नुभएको जानकारी सहित तपाईंको बच्चाको विद्यमान मूल्याङ्कन डेटाको समीक्षा गर्नुपर्छ ।

तपाईंको बच्चाले पहिलेदेखि नै विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गरिरेहको छ भने, ARD समितिले तपाईंको बच्चाको विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूमा थपथाप वा परिमार्जनहरू गर्न आवश्यक छ कि छैन भन्ने कुरा निर्धारण गर्न के-कस्तो अतिरिक्त मूल्याङकन आवश्यक हुन्छ भन्ने कुरा निर्णय गर्छ ।

ARD समितिले तपाईंको बच्चालाई अझै पनि विशेष शिक्षा र सम्बन्धित सेवाहरूको आवश्यक छ कि छैन भन्ने कुरा निर्धारण गर्न अतिरिक्त मूल्याङ्कन गर्न आवश्यक रहेको निर्णय गरेको खण्डमा, तपाईंलाई यो निर्णय गर्नुको कारणको सपष्टीकरण प्रदान गरिनुपर्छ । ARD समितिले विद्यमान मूल्याङ्कनको डेटा पर्याप्त भनी निर्णय गर्नुका कारणहरूको स्पष्टीकरण दिएपछि, तपाईंले नयाँ मूल्याङ्कन गर्न अनुरोध गरेको अवस्थामा बाहेक, विद्यालयले आवश्यक पुनर्मूल्याङ्कन पूरा गर्न नयाँ मूल्याङ्कन गर्नुपर्दैन ।

## स्वतन्त्र शैक्षिक मूल्याङ्कन

तपाईं विद्यालयले गरेको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनमा असहमत हुनुहुन्छ भने, तपाईंले विद्यालयको खर्चमा *स्वतन्त्र शैक्षिक मूल्याङ्कन* **(IEE)** गर्न अनुरोध गर्न सक्नुहुन्छ । विद्यालयले तपाईंलाई IEE कहाँ प्राप्त गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिनुपर्छ र साथै IEE प्राप्त गर्ने सम्बन्धमा विद्यालयले तोकेका मापदण्डको एउटा प्रतिलिपि उपलब्ध गराउनुपर्छ । IEE ले विद्यालयले तोकेको मापदण्डहरू पूरा गरेको हुनुपर्छ । तपाईंको IEE अनुरोध गर्नुभयो भने, विद्यालयले, कुनै ढिलाइ नगरी, या त तपाईंलाई IEE गर्न लाग्ने खर्च भुक्तान गर्नुपर्छ वा आफ्नो मूल्याङ्कन सही छ भनी देखाउन निष्पक्ष सुनुवाईको अनुरोध गर्नुपर्छ । विद्यालयले प्रत्येक पटक मूल्याङ्कन आयोजना गर्दा, तपाईंले सार्वजनिक खर्चमा एकपटक मात्रै IEE गराउन पाउनुहुन्छ । विद्यालयले सुनुवाईको अनुरोध गर्छ र सुनुवाई अधिकारीले विद्यालयको मूल्याङ्कन सही छ भनी निर्णय गरेमा, तपाईंले अझै पनि IEE गराउन सक्नुहुन्छ तर त्यसको लागि विद्यालयले खर्च बेहोर्नेछैन । FAPE को व्यवस्था मिलाउने विषयमा छलफल गर्दा ARD समितिले विद्यालयको मापदण्ड पूरा गर्ने IEE बाट प्राप्त जानकारीको ख्याल गर्नुपर्छ, चाहे विद्यालयले उक्त IEE गर्न भुक्तानी गरेको होस् वा नहोस् ।

## सेवाहरू प्राप्त गर्न दिएको सहमतिको खारेजी

तपाईंलाई प्रारम्भिक रूपमा विशेष शिक्षा वा सम्बन्धित सेवाहरू प्राप्त गर्न सहमति जनाउने अधिकार भए जस्तै ती सेवाहरू प्राप्त गर्न दिएको सहमतिलाई खारिज गर्ने अधिकार पनि हुन्छ । तपाईंले आफ्नो सहमति लिखित रूपमा खारिज गर्नुपर्छ । विद्यालयले तपाईंको लिखित खारेजीको अनुरोध प्राप्त गरेपछि यसले तपाईंको निर्णयलाई स्वीकार गर्नुपर्छ । यद्यपि, विद्यालयले सेवाहरू प्रदान गर्न रोक्नु अघि तपाईंलाई सेवाहरू रोकिने बारेमा लिखित पूर्व सूचना दिनुपर्छ । विद्यालयमाले सेवाहरू प्रदान गर्न रोक्नैपर्ने भए तापनि, तपाईंको बच्चाको शैक्षिक अभिलेखबाट उनले विगतमा विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गरेको जनाउने कुनै पनि सन्दर्भहरू हटाउन यसले बच्चाको शैक्षिक अभिलेखहरू संसोधन गर्नुपर्दैन ।

तपाईंले विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न जारी राख्न नचाहेको जनाउँदै आफ्नो

सहमतिलाई खारिज गर्नुभयो भने, तपाईंको बच्चालाई साधारण विद्यार्थी मानिनेछ र IDEA अन्तर्गतका कुनै पनि संरक्षणहरूको हकदार हुनेछैन । यसका साथै, तपाईंले सेवाहरु प्राप्त गर्न दिएको सहमतिलाई खारिज गर्नुभयो भने, विद्यालयले तपाईंको निर्णयलाई परिवर्तन गर्न वा त्यस प्रति आपत्ति जनाउन मध्यस्थता वा निष्पक्ष सुनुवाईको अनुरोध नगर्न सक्छ ।

## ग्रेजुएसन

टेक्सासको सार्वजनिक शिक्षा प्रणालीको एउटा उद्देश्य भनेको विद्यार्थीहरूले उच्च विद्यालयको डिप्लोमा हासिल नगर्दासम्म उनीहरू विद्यालय स्तरमै रहनेछन् । विद्यार्थीहरूले नियमित उच्च विद्यालय डिप्लोमा सहित ग्रेजुएट हुन निश्चित मापदण्डहरू पूरा गरेको हुनुपर्छ । विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्ने बच्चाको हकमा, उक्त विद्यार्थीलाई ग्रेजुएट गर्ने तयारी गर्दा वा विद्यार्थीको उमेरले तोकिएको हद नाघेको हुनाले विद्यार्थीलाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रदान गर्न बन्द गर्दा विद्यालयले निश्चित कार्यविधिहरूको पालना गर्नुपर्छ । यसको अतिरिक्त, ARD समितिले ग्रेजुएसनसँग सम्बन्धित केही निर्णयहरूमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

IDEA अन्तर्गत, योग्य बच्चा वा वयस्क विद्यार्थीलाई उनी उच्च विद्यालयबाट नियमित डिप्लोमा हासिल गरेर ग्रेजुएट नहुँदासम्म वा राज्य कानून अन्तर्गत निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्न तोकिएको उमेर हद पार नगर्दासम्म (जुन टेक्सासमा 21 वर्ष वा विद्यार्थीको 22औँ जन्मदिन हो) विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध हुनुपर्छ । चालू शैक्षिक वर्षको सेप्टेम्बर 1 मा 21 वर्षको उमेर पुगेका विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गरिरहेको वयस्क विद्यार्थीले चालू शैक्षिक वर्षको अन्तसम्म वा साधारण विद्यार्थीहरूलाई लागू हुने पाठ्यक्रमका मापदण्ड र आवश्यक क्रेडिट पूरा गरी उच्च विद्यालयबाट नियमित डिप्लोमा हासिल गरेर ग्रेजुएट नहुँदासम्म, यी दुई कुरामध्ये जुन पहिले हुन्छ तबसम्म सेवाहरू प्राप्त गर्न योग्य रहन्छन् ।

तपाईंको बच्चा वा वयस्क विद्यार्थीको विशेष शिक्षाको योग्यता नियमित उच्च विद्यालय

डिप्लोमा सहित ग्रेजुएट भएको वा विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्न तोकिएको उमेर हद नाघेको कारणले समाप्त हुँदैछ भने, विद्यालयले तपाईंलाई सेवाहरू प्रदान गर्न बन्द गर्ने बारेमा लिखित पूर्व सूचना दिनुपर्छ । यसका साथै, विद्यालयले तपाईंको बच्चा वा वयस्क विद्यार्थीलाई उनको शैक्षिक उपलब्धि र कार्यात्मक कार्यसम्पादनको सारांश प्रदान गर्नुपर्छ, जसमा बच्चा वा वयस्क विद्यार्थीलाई कसरी बच्चाको वा वयस्क विद्यार्थीको पोस्टसेकेण्डरी लक्ष्यहरू पूरा गर्न सहयोग पुऱ्याउने भन्ने बारे सिफारिसहरू समावेश हुन्छन् ।

विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्ने बच्चा वा वयस्क विद्यार्थीले हाम्रा चार ग्रेजुएसन कार्यक्रम (अर्थात्, आधारभूत उच्च विद्यालय कार्यक्रम, सिफारिस गरिएको उच्च विद्यालय कार्यक्रम, विशिष्ट श्रेणीको उच्च विद्यालय कार्यक्रम वा न्यूनतम उच्च विद्यालय कार्यक्रम) अन्तर्गत साधारण विद्यार्थीहरूलाई लागू हुने पाठ्यक्रम सम्बन्धी मापदण्ड र आवश्यक क्रेडिट पूरा गर्नुका साथै आवश्यक राज्यस्तरीय परीक्षाहरूमा उत्तीर्ण भएर उच्च विद्यालयबाट नियमित डिप्लोमा हासिल गरेर ग्रेजुएट हुन सक्नेछ ।

नियमित उच्च विद्यालय डिप्लोमा हासिल गरेका कारण योग्यता समाप्त भएका विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि योग्य सम्पूर्ण ग्रेजुएट गर्ने विद्यार्थीहरूलाई शैक्षिक उपलब्धि र कार्यात्मक कार्यसम्पादनको सारांश उपलब्ध गराउनुपर्छ । यो सारांशले, उपयुक्तता अनुसार, विद्यार्थीलाई पोस्टसेकेण्डरी लक्ष्यहरू प्राप्त गर्नेमा कसरी सहायता गर्ने भन्ने कुरामा अभिभावक र विद्यार्थीका विचारहरू तथा वयस्क सेवा एजेन्सीहरूका लिखित सिफारिसहरूलाई विचार गर्नुपर्छ । केही विद्यार्थीहरूका लागि, सारांशमा विद्यार्थीको मूल्याङ्कन समावेश हुनुपर्छ ।

नियमित उच्च विद्यालय डिप्लोमाबिना ग्रेजुएट गर्ने र 22 वर्ष भन्दा कम उमेरका बच्चा वा वयस्क विद्यार्थीलाई अझै पनि IDEA अन्तर्गत नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्ने अधिकार रहन्छ । केही परिस्थितिहरूमा सो बच्चाले विद्यालयमा फर्केर उनी 22 वर्ष पुग्ने शैक्षिक वर्षको अन्तिमसम्म सेवाहरू प्राप्त गर्न जारी राख्न सक्नेछन् । तपाईंको बच्चा ग्रेजुएट भइसकेपछि विद्यालयमा फर्कन चाहेको खण्डमा, ARD समितिले आवश्यक शैक्षिक सेवाहरू

निर्धारण गर्नुपर्छ ।

## अनुशासन

अपाङ्गता भएका विद्यार्थीको विरूद्ध अनुशासनात्मक कारवाही गर्दा विशेष नियमहरू लागू हुन्छन् । सामान्यतया, यदि बच्चाले देखाएको गलत आचरण उनको अपाङ्गतासँग सम्बन्धित छ भने, उक्त बच्चालाई उनको हालको शैक्षिक परिवेशबाट लगातार 10 विद्यालय दिन भन्दा धेरै समयका लागि हटाउन पाइँदैन । यसका अतिरिक्त, अपाङ्गता भएका विद्यार्थीको विषयमा उत्पन्न हुने केही निश्चित अनुशासनात्मक अवस्थाहरूकाई सम्बोधण गर्न ARD समितिको बैठक आयोजना गर्न आवश्यक हुन्छ ।

### अल्पकालीन निष्कासन

तपाईंको बच्चाले विद्यार्थीको आचार संहिता उल्लङ्घन गरेको खण्डमा, विद्यालयका अधिकारीहरूले तपाईंको बच्चालाई उनको हालको शैक्षिक परिवेशबाट हटाउन सक्नेछन् । यो निष्कासन अन्तर्गत उपयुक्त *अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ* **(IAES)** वा अर्को सेटिङमा सारिन वा लगातर अधिकतम 10 विद्यालय दिनसम्म निलम्बन गरिन सक्छ (अपाङ्गता नभएका बालबालिकाहरूलाई अनुशासनात्मक कारवाही गरिने हदसम्म); र (त्यस्ता निष्कासनले शैक्षिक परिवेश परिवर्तन गर्दैनन् भने) उही शैक्षिक वर्षमा छुट्टा-छुट्टै कसूरका लागि लगातार अधिकतम 10 विद्यालय दिन अतिरिक्त निष्कासन गरिन सक्छ । यसलाई प्राय: *10-दिने नियम* भन्ने गरिन्छ ।

अनुशासनात्मक कारवाही स्वरूप लगातर 10 विद्यालय दिन वा सोभन्दा कम समयको लागि निष्कासन गर्दा, सो निष्कासनले भर्नामा परिवर्तन ल्याउने अवस्थामा बाहेक, ARD समितिको बैठक बोलाउन आवश्यक हुँदैन । स्कूल डिस्ट्रिक्टले वर्तमान प्लेसमेन्टबाट 10 विद्यालय दिन वा सो भन्दा कम समयको लागि निष्कासन गरिएका अपाङ्गता भएका बच्चा वा अपाङ्गता नभएका बच्चाहरूलाई सो शैक्षिक वर्षमा सेवाहरू प्रदान गर्दैन ।

## कूल सञ्चित 10 दिन वा बढी समयको निष्कासन

विद्यालयका अधिकारीहरूले उही शैक्षिक वर्षमा छुट्टा-छुट्टै कसूरहरूका लागि अतिरिक्त अल्पकालीन निष्कासनको आदेश दिन सक्नेछन् तर ती निष्कासनहरूमा शैक्षिक परिवेश परिवर्तन गरिनु हुँदैन । तपाईंको बच्चालाई एउटै शैक्षिक वर्षमा 10 सञ्चित विद्यालय दिनका लागि निष्कासन गरेपछि, हालको निष्कासन लगातार 10 विद्यालय दिनभन्दा बढीको लागि होइन र शैक्षिक परिवेश परिवर्तन गर्दैन भने, तपाईंको बच्चालाई अन्य सेटिङमै भए पनि सामान्य शैक्षिक पाठ्यक्रममा सहभागी हुन जारी राख्न तथा तपाईंको बच्चाको IEP मा तय गरिएका लक्ष्यहरू पूरा गर्ने तर्फ प्रगति गर्न मद्दत गर्ने विद्यालयले सेवाहरू प्रदान गर्न अनिवार्य हुन्छ । विद्यालयको कर्मचारीले कुन-कुन सेवाहरू आवश्यक छन् भनी निर्णय गर्न कम्तीमा तपाईंको बच्चाको एकजना शिक्षकसँग परामर्श लिनुपर्छ । ध्यान दिनुहोस्, IDEA को 34 C.F.R.CFR § 300.530(d)(5) बमोजिम यदि निष्कासनले गर्दा प्लेसमेन्टमा परिवर्तन गर्नुपर्ने भएमा ARD समितिले उचित सेवाहरू निर्धारण गर्नुपर्दछ ।

## शैक्षिक परिवेशको परिवर्तन

असक्षमा भएको बच्चालाई लगातार 10 विद्यालय दिनभन्दा बढी समयको लागि निष्कासन गरिएको भएमा वा बच्चालाई उही शैक्षिक वर्षमा कुनै प्रकारको ढाँचा निर्माण हुनेगरी एउटै किसमका कसूरका लागि धेरैपटक निष्कासन गरिएको भएमा, उनलाई हालको शैक्षिक परिवेशबाट हटाउनुलाई *शैक्षिक परिवेशको परिवर्तन* मानिन्छ । निम्न अवस्थाहरूमा निष्काषनको ढाँचा निर्माण भएको मानिन्छ:

- एक विद्यालय वर्षमा कुल 10 दिनभन्दा बढी समयको लागि निष्काषन गरिँदा;
- तपाईंको बच्चाको व्यवहार पहिले जुन व्यवहारको कारणले निष्कासन गरिएको थियो, त्यससँग लगभग मिल्दो-जुल्दो छ; र
- निष्कासनको लम्बाई, बच्चालाई निष्कासन गरिएको कुल समय र निष्काषनहरू बीचको अवधि जस्ता अन्य तत्वहरू ।

विद्यालयले प्रत्येक मामिलालाई हेर्दै निष्कासनको ढाँचाले शैक्षिक परिवेश परिवर्तन भएको जनाउँछ वा जनाउँदैन भन्ने कुराको निर्णय गर्नेछ। तपाईंले निष्पक्ष सुनुवाई वा न्यायिक प्रक्रिया मार्फत निष्कासनको ढाँचा देखिएको छ कि छैन भन्ने विषयमा विद्यालयको यस निर्णयमा आपत्ति जनाउन सक्नुहुन्छ।

विद्यालयले विद्यार्थीलाई उनको शैक्षिक परिवेश परिवर्तन हुनेगरी निष्कासन गर्ने प्रस्ताव गरेको खण्डमा, विद्यालयका अधिकारीहरूले तपाईंलाई उक्त निर्णयको बारेमा सूचित गर्नुपर्छ र तपाईंलाई *प्रक्रियात्मक सुरक्षाको सूचना* को प्रतिलिपि पनि प्रदान गर्नुपर्छ। यो कार्य बच्चाको शैक्षिक परिवेश परिवर्तन गर्ने निर्णय गरिएको मितिमा गरिनुपर्छ। यसका अतिरिक्त, विद्यालयले *मेनिफेस्टेसन निर्धारण* भनिने कार्य गर्न ARD समितिको बैठक आयोजना गर्नुपर्छ। मेनिफेस्टेसन निर्धारण बैठक बच्चाको स्थान परिवर्तन गर्ने निर्णय भएको मितिले 10 विद्यालय दिनभित्र बस्नुपर्दछ।

## मेनिफेस्टेसन निर्धारण

मेनिफेस्टेसन निर्धारण कार्य गर्दा, ARD समितिले निम्न लिखित कुराहरू निर्धारण गर्नका लागि IEP, कुनै पनि शिक्षकको राय तथा तपाईंले प्रदान गर्नुभएको कुनै पनि सम्बन्धित जानकारी सहित तपाईंको बच्चाको फाइलमा भएको कुनै पनि सान्दर्भिक जानकारीको समीक्षा गर्नुपर्छ:

- कथित आचरण तपाईंको बच्चाको अपाङ्गताको कारणले भएको हो कि होइन वा तपाईंको बच्चाको अपाङ्गतासँग प्रत्यक्ष तथा उल्लेखनीय रूपमा सम्बन्धित छ कि छैन; वा
- कथित आचरण विद्यालयले IEP कार्यान्वयन गर्न असफल भएको प्रत्यक्ष परिणाम स्वरूप भएको हो कि होइन;

ARD समितिले माथि उल्लिखित दुई मध्ये कुनै एउटा अवस्था पूरा भएको निर्धारण गरेमा, सो आचरण बच्चाको अपाङ्गताको कारणले भएको ठहर हुन्छ। ARD समितिले माथि

उल्लिखित कुनै पनि अवस्था पूरा नभएको निर्धारण गरेमा, सो आचरण बच्चाको अपाङ्गताको कारणले भएको होइन ।

## कथित आचरण बच्चाको अपाङ्गताको कारणले भएको ठहर हुँदा

कथित आचरण तपाईंको बच्चाको अपाङ्गताको कारणले भएको हो भने, ARD समितिले या त:

- विद्यालयले शैक्षिक परिवेश परिवर्तन निम्त्याएको आचरणको घटना हुनु अघि नै FBA गरिसकेको अवस्थामा बाहेक, *कार्यात्मक व्यावहाजन्य मूल्याङ्कन* **(FBA)** गरी BIP कार्यान्वयन गर्नुपर्छ; वा
- BIP कार्यान्वयन गरिसकेको भएमा, BIP को समीक्षा गरी कथित आचरणलाई सम्बोधन गर्न आवश्यक परिमार्जनहरू गर्नुपर्छ ।

यसका अतिरिक्त, निम्न अवस्थाहरूमा बाहेक, ARD समितिले तपाईंको बच्चालाई पहिले जुन शैक्षिक परिवेशबाट निष्कासन गरेको थियो सोही परिवेशमा फिर्ता पठाउनुपर्छ:

- तपाईंको बच्चाको BIP को परिमार्जनको भागको रूपमा तपाईं र विद्यालयको बीचमा बच्चाको शैक्षिक परिवेश परिवर्तन गर्ने सहमति भएमा; वा
- तपाईंको बच्चाले गरेको विद्यार्थीको आचार संहिताको उल्लङ्घनले तल उल्लेख गरिएका विशेष परिस्थितिहरू मध्ये कुनै एउटालाई समावेश गर्छ ।

ARD समितिले तपाईंको बच्चाको आचरण विद्यालय ले IEP कार्यान्वयन गर्न असफल भएको कारणले गर्दा भएको थियो भन्ने निष्कर्ष निकालेको खण्डमा, विद्यालयले कमीकमजोरीहरूलाई सुधार्न तत्काल कदम चाल्नुपर्छ ।

## कथित आचरण बच्चाको अपाङ्गताको कारणले नहुँदा

कथित आचरण तपाईंको बच्चाको अपाङ्गताको कारणले भएको होइन भने, उचित शैक्षिक

सेवाहरू प्राप्त गर्न जारी राख्नुपर्ने अवस्थामा बाहेक, विद्यालयका कर्मचारीले तपाईंको बच्चालाई अन्य बच्चालाई जस्तै अनुशासनात्मक कारवाही गर्न सक्नेछ । बच्चाको ARD समितिले बच्चाको लागि IAES निर्धारण गर्नेछ ।

## विशेष परिस्थितिहरू

निम्न अवस्थाहरूमा विद्यालयको कर्मचारीले तपाईंको बच्चाको आचरण उनको अपाङ्गताको कारणले भएको थियो वा थिएन भन्ने कुरालाई ध्यानमा नराखिकन बच्चालाई 45 विद्यालय दिनसम्म IAES मा राख्न सक्छ:

- विद्यालय भित्र, विद्यालय परिसरमा वा विद्यालयको समारोहमा हातहतियार बोकेको वा ल्याएको पाइएमा;
- विद्यालय भित्र, विद्यालय परिसरमा वा विद्यालयको समारोहमा जानाजान अवैध लागुऔषध बोकेको वा प्रयोग गरेको पाइएमा वा अरूलाई नियन्त्रित वस्तु बिक्री गर्न उक्साएको पाइएमा; वा
- विद्यालय भित्र, विद्यालय परिसरमा वा विद्यालयको समारोहमा अन्य व्यक्तिलाई गम्भीर शारीरिक चोट पुर्‍याएको भएमा ।

ARD समितिले बच्चाको लागि IAES निर्धारण गर्नेछ ।

## अझैसम्म विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि योग्य ठहर भइनसकेका बालबालिकाको सुरक्षा

तपाईंको बच्चा विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्न योग्य ठहर भएको छैन तर उनले विद्यार्थीको आचार संहिता उल्लङ्घन गर्ने किसिमको कुनै व्यवहार गर्छ र तपाईंको बच्चाको विद्यालयलाई उक्त घटना हुनु अघि नै तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो भन्ने ज्ञान थियो भने, तपाईंको बच्चा IDEA अन्तर्गत प्रक्रियात्मक सुरक्षा पाउन हकदार हुन्छ । यस विषयको बारेमा अतिरिक्त जानकारी *प्रक्रियात्मक सुरक्षाको सूचना* मा पाउन

सकिन्छ ।

## द्रुत निष्पक्ष सुनुवाई

तपाईं बच्चालाई IAES मा राख्ने निर्णय वा मेनिफेस्टेसन निर्धारणमा असहमत हुनुहुन्छ भने, तपाईंले द्रुत निष्पक्ष सुनुवाईको अनुरोध गर्न सक्नुहुन्छ । ARD समितिले बच्चाको खराब आचरण उनको अपाङ्गताको कारणले भएको थियो भनी निर्धारण गरिसकेपछि विद्यालयले तपाईंको बच्चालाई विद्यालयमा फिर्ता पठाउने निर्णय प्रति आपत्ति जनाउन चाहेको खण्डमा, विद्यालयले पनि द्रुत निष्पक्ष सुनुवाईको अनुरोध गर्न सक्नेछ ।

## विवाद समाधान

समय समयमा, तपाईंको अपाङ्गता भएको बच्चाको पहिचान, मूल्याङ्कन, शैक्षिक परिवेश नियोजन, वा FAPE को व्ुवस्थासँग सम्बन्धित विवादहरू उत्पन्न हुन सक्छन् । मतभेदहरू उत्पन्न भएको खण्डमा, तिनलाई तत्काल समाधान गर्नका लागि तपाईंलाई विद्यालय कर्मचारीसँग मिलेर काम गर्न जोडदार रूपमा प्रोत्साहित गरिन्छ । तपाईंले आफ्नो विद्यालयलाई यसले अभिभावकहरूका लागि के-कस्ता विवाद समाधान विकल्पहरू प्रदान गर्छ भन्ने बारेमा सोध्न सक्नुहुन्छ । विशेष शिक्षा सम्बन्धी मतभेदहरूको समाधान गर्न TEA ले चारवटा औपचारिक विकल्पहरू प्रदान गर्छ: राज्य IEP सरलीकरण, मध्यस्थता सेवाहरू, विशेष शिक्षा उजुरी समाधान प्रक्रिया तथा निष्पक्ष सुनुवाई कार्यक्रम ।

TEA को विवाद समाधान विकल्पहरू सम्बन्धी जानकारी प्रक्रियात्मक सुरक्षाको सूचना । अतिरिक्त जानकारी TEA को वेबसाइट र निम्नलिखित URL मा फेला पार्न सकिन्छ: https://tea.texas.gov/Academics/Special_Student_Populations/Special_Education/Dispute_Resolution/Special_Education_Dispute_Resolution_Processes/

## अतिरिक्त सहायता

यस कागजातमा उल्लिखित एक्रोनिमहरूको परिभाषाको पूर्ण सूचीका हेर्न

http://fw.escapps.net/display/Webforms/ESC-FW-Glossary.aspx?DT=G&LID=en मा जानुहोस् ।

यस कागजातका प्रतिलिपिहरू SPEDTex वेबसाइट https://www.spedtex.org/index.cfm/parent-resources/parents-guide-to-the-ARD -process/ मा पनि 15 भन्दा बढी भाषाहरूमा उपलब्ध छन् । तपाईंले विद्यालयको परामर्शदाता वा विशेष शिक्षा विभागलाई यसको प्रतिलिपि अनुरोध गर्न पनि सक्नुहुन्छ ।